द.नं ४१/०५२/५३
"नेपालको एक सर्वोत्कृष्ट साकोस"
उत्कृष्ट सेवा तथा सुरक्षाको लागि
KISCCU
किसान बचत तथा ऋण सहकारी संस्था लि.
Kisan Saving & Credit Co-operative Ltd.
ACCESS BRONZE

च. नं : ३२४/०७५/०७६ मिति : २०७५/०६/१०

**विषय : उपस्थित हुने बारे ।**

श्री ...................................................... ज्यू,
......................................................

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ४० को उपदफा ५ अनुसार क्षेत्रीय साधारण सभाको व्यवस्था भए बमोजिम यस संस्थाको मिती २०७५/०६/०६ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार तपसिलमा उल्लेखित मिति, समय र स्थानमा **क्षेत्रीय साधारण सभा** सम्पन्न हुने हुँदा यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

..............................
श्रीहरि चालिसे
अध्यक्ष

## छलफलका विषयहरू :

- आ.व. २०७४/०७५ को प्रगति प्रतिवेदन तथा आ.व. २०७५/०७६ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
- आ.व. २०७४/०७५ को आर्थिक प्रतिवेदन तथा आ.व. २०७५/०७६ को प्रस्तावित लक्ष्य तथा बजेट सम्बन्धमा ।
- आ.व. २०७४/०७५ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
- लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
- विनियम संशोधन सम्बन्धमा ।
- आ.व. २०७५/०७६ को वार्षिक लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्ति तथा पारीश्रमिक सम्बन्धमा ।
- साधारण सभाको निर्णय पुस्तिका हस्ताक्षर गर्ने प्रतिनिधी चयन सम्बन्धमा ।
- विविध ।

## कार्यक्रमहरू :

मिति : २०७५/०६/२६ गते
समय : विहान ११:०० बजे

| | |
|---|---|
| स्थान : गैडाकोट वडा नं. १, २, ५ र ६ | - श्रीराम पार्टी प्यालेस, गैंडाकोट-२ |
| मुकुन्दपुर सेवाकेन्द्र | - भेडावारी गौचरन, गैंडाकोट-११ |
| पञ्चदृष्टि सेवाकेन्द्र | - साहारा पार्टी प्यालेस, देवचुली-१४, दलदले |
| समृद्धि सेवाकेन्द्र | - डण्डा बजार खेलकुद मैदान, कावासोती-१६ |

मिति : २०७५/०६/२७ गते
समय : विहान ११:०० बजे

| | |
|---|---|
| स्थान : गैडाकोट वडा नं. ३, ४, ७, ८ र ९ | - विजय नि.मा.वि. प्राङ्गण, गैंडाकोट-८ |
| अमरापुरी सेवाकेन्द्र | - लक्ष्मी मा.वि. प्राङ्गण, गैंडाकोट-१५ |
| जनमुखी सेवाकेन्द्र | - देवचुली कलेज प्राङ्गण, देवचुली-१६, रजहर |
| कावासोती सेवाकेन्द्र | - गण्डकी वोर्डिङ्ग स्कुल प्राङ्गण, कावासोती-८ |
| कुनाको सेवाकेन्द्र | - सरस्वती मा.वि. प्राङ्गण, कावासोती-१७, गोछडा |
| पञ्चवटी सेवाकेन्द्र | - जनतासिद्ध अमर मा.वि. प्राङ्गण, मध्यविन्दु-४ |
| आरुङ्खोला सेवाकेन्द्र | - नेवाः गुठी, मध्यविन्दु-१०, आरुङ्खोला बजार |
| दुम्किवास सेवाकेन्द्र | - भानुदय बहुमुखी क्याम्पस, विनयी त्रिवेणी-२, ज्यामिरे |

गैंडाकोट-८, नवलपरासी, फोन : +९७७-७८-५०१६२२, फ्याक्स : +९७७-७८-५०३२०५
Gaindakot-8, Nawalparasi, Tel : +977-78-501622, Fax : +977-78-503205
E-mail : info@kisan.org.np, Website : www.kisan.org.np

आदरणीय शेयर सदस्य महानुभावहरुमा

# बडा दशैं, दिपावली तथा छठ पर्व- २०७५

को पावन अवसरमा सुख, शान्ति एवं समृद्धिको लागि

# हार्दिक मंगलमय शुभकामना


व्यक्त गर्दछौं ।

अध्यक्ष

एवं

उत्कृष्ट सेवा तथा सुरक्षाको लागि
KISCCU किसान बचत तथा ऋण सहकारी संस्था लि.
Kisan Saving & Credit Co-operative Ltd.

परिवार



# अध्यक्षको कलमबाट



**श्रीहरि चालिसे**
**अध्यक्ष**

इमान्दारिता, पारदर्शिता, आर्थिक सहभागिता, शिक्षा र सेवा दिगो विकास लक्ष्य प्राप्तीका लागि सामाजिक दायित्वलाई मुल मन्त्र मर्मका साथ "समुदायमा आधारित एक स्वस्थ प्रतिस्पर्धी एक उत्कृष्ट साकोस" यस किसान साकोस आज भन्दा २३ वर्ष अघि वि.सं. २०५२ साल असार १५ गते गैंडाकोट-८ स्थित अग्रजहरुको नेतृत्व र सोच अनुरुप स्थापना भई "**किसानको सान : एकिकृत सहकारी सेवाको अभियान**" नाराका साथ अघि बढ्दै आज करिव ३६ हजार भन्दा बढी र नवलपरासी (सुस्तापूर्व) जिल्लाभरी नै १३ वटा सेवाकेन्द्रबाट सेवा प्रदान गर्दै २३ औं गरिमामय साधारणसभा (क्षेत्रीय साधारणसभा १२ वटा क्षेत्र) मा भव्य र सभ्यका रुपमा सम्पन्न गर्ने संघारमा रहेको छ ।

"संख्यात्मक भन्दा गुणात्मक सेवाको विकास" गरौं भन्ने अभिप्रायका साथ हालसम्म १६ वटा सहकारी संस्थालाई विधिवत एकिकरण गर्दै सहकारी सान मान र प्रतिष्ठा कायम गर्दै सहकारीप्रतिको समुदायमा रहेको चुनौती र नकरात्मक सोचलाई चिर्दै आफ्नो कितिर्मान कायम गर्दै छवि र साखका साथ निरन्तर रुपमा वित्तिय र गैरवित्तिय सेवा प्रदान गर्दै आइरहेको छ ।

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको अर्थनीति, देशमा भर्खरै स्वीकृत सहकारी ऐनले बचत तथा ऋण सहकारी संस्था संचालक निर्देशिका, मापदण्ड छाता संगठन नेफ्स्कून लगायत अन्य सहकारी संघ, सहकारी विभागद्वारा अपनाइएका नीति, निर्देशन र अवधारणा अनुरुप संस्थालाई अगाडि बढाउँदै प्राप्त अवसरलाई सदुपयोग गर्दै चुनौतिहरुको सामना गर्दै परिभाषित, परिष्कृत सेवाहरुमा विविधिकरण गर्दै नीति विधि र प्रविधिमा रुपमा चल्ने **एक उत्कृष्ट साकोस**को रुपमा अगाडि बढिरहेको छ । यसै सन्दर्भमा अबका दिनहरुमा यस संस्था कार्यक्षेत्रभित्र सदस्यहरुलाई व्यवसायिक, आत्मनिर्भर बनाइ नयाँ वस्तु तथा सेवाको उत्पादन उन्मुख गराउनु हाम्रो प्रमुख दायित्व बोध भएको छ ।

यसै सन्दर्भमा सहकारी ऐन २०७४ परिच्छेद ६ को दफा ४० को उपदफ ५ अनुसार सदस्य अनुपातमा १२ वटा क्षेत्र निर्धारण गरी सदस्यहरुको प्रत्यक्ष सहभागिताको सुनिश्चितताका लागि यस वर्ष देखि नै क्षेत्रीय साधारणसभाको अवधारणालाई कार्यान्वयनतर्फ उन्मुख हुँदै अगाडी बढेको जानकारी पनि गराउन चाहान्छौं ।

एशियाली ऋण महासंघ (ACCU) को गुणस्तर सुनिश्चित गर्न विकास गरिएको औजार (ACCESS BRANDING) कार्यक्रममा सहभागि भई क्रमश: इन्डोनेशिया, कोरिया, श्रलङ्का, फिलिपिन्स (ACCU Forum) मा "Access Bronze" चौथो पटक पनि अन्तराष्ट्रिय स्तरको पुरस्कार ग्रहण गर्न पाउँदा हामी किसान परिवार गौरावन्वित महशुस

गरेका छौं । यो आ.व. भित्र संस्थाको व्यवसायमा निजी, सेवाको बृद्धि, अचल सम्पत्तिको उचित व्यवस्थापन, शेयर लाभांशमा बृद्धि, संस्थाको वित्तिय परिवेश, सदस्य सेवा दृष्टिकोण, आन्तरिक व्यसायिक दृष्टिकोण र सिकाई र बृद्धिको दृष्टिकोण (चार वटा अन्वेषण संयन्त्रहरुका ८६ वटा सुचाङ्कहरुलाई व्यवस्थित गर्दै Access Sliver ब्राण्ड प्राप्त गर्ने संचालक समितिको निर्णय र व्यवस्थापन पक्षको प्रतिवद्धता आइसकेको परिपेक्षमा सो स्तरीकरण प्रक्रियामा सफलता हाँसिल गर्न सम्पूर्ण सदस्य एवम् सबै किसान परिवारको सक्रिय सहयोग, सकरात्मक सुझाव र सहभागिता समन्वयको अपेक्षा राख्दछौं ।

यसै साकोसले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमको उचित व्यवस्थापन, Access Silver प्राप्ती, किसान पकेट क्षेत्र, वालवालिकासंग किसान, किसानको उत्पादनशिलतामा सहभागिता र किसान वस्तु तथा सेवाको पहिचान, सबै सेवा केन्द्र अनुगमन र नियन्त्रण एवम् वित्तिय सक्षमता कायम गर्नु र नयाँ सहकारी ऐन नियमावली, श्रम ऐन, सम्पत्ति शुद्धिकरण निवारण ऐन, अन्य मापदण्ड निर्देशिका र प्रचलित कानूनहरुको अक्षरस पालना गर्दै सहकारी छाता संगठनसंगको नियमित सम्पर्क, सम्बन्ध विस्तार, समन्वयको लागि विशेष रणनितीहरुको अवलोकन गरी '**नेपालको एक सर्वोत्कृष्ट साकोस**' को रुपमा स्थापित गरि निरन्तरताको लागि प्रतिवद्ध छौं ।

अन्त्यमा "म, मेरो परिवार र मेरो साथी किसानसँगै" अगाडि भन्ने अभियानका साथ  सम्पूर्ण सदस्यहरुको प्रजातान्त्रिक सहभागिताका साथ रोजगारी सिर्जना, व्यवसायिक दक्षता विकास, दिगो विकासका लक्ष्य प्राप्ति, युवा महिला, जेष्ठ नागरिक, अपांगमैत्री कार्यक्रम, किसान पकेट क्षेत्र निर्धारण, गरिवी निवारण कार्यक्रम, स्वरोजगार अभियान, सामुहिक महिला सञ्जाल गठन गरी (KIMS) को अवधारणा कार्यान्वयन आदि कार्यक्रमलाई कार्यान्वयन गरी स्थापित परिकल्पना र ध्येय प्राप्ति गरी अग्रगमनका साथ अगाडि बढ्ने संकल्प गर्दछौं ।

अन्त्यमा आजको यो गरिमामय २३ औं साधारण सभासम्म आइपुग्दा सहकारी अभियानमा सहयोग र समन्वय गर्नुहुने मेरो समितिका नेतृत्वदायी पदाधिकारी एवं सदस्यहरु, केन्द्रीय निकाय (नेफ्स्कून), सहकारी विभाग, सहकारी बोर्ड, जि.वि.स., नगरपालिका, जिल्ला संघ, जिल्ला बचत संघ, समन्वय मञ्च, स्थानीय छिमेकी संघ संस्था, बचत तथा ऋण सहकारी, कर्मचारी, शेयर सदस्य, सम्पूर्ण प्रत्यक्ष एवं परोक्षरुपमा संलग्न सम्पूर्णलाई विगत जस्तै वर्तमान र भविष्यमा सहयोगको निरन्तरताको अपेक्षासहित हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

जय किसान ।

जय सहकारी ।

# आ.व. २०७४/०७५ को प्रगति प्रतिवेदन तथा आ.व. २०७५/०७६ को प्रस्तावित नीति तथा कार्यक्रमहरू



**अनिल सापकोटा**
**सचिव**

**यस सभाका सभाध्यक्षज्यू,**
**प्रमुख अतिथिज्यू,**
**विशिष्ट अतिथिज्यूहरू,**
**अतिथिज्यूहरू,**
**आदरणीय सम्पूर्ण शेयर सदस्य महानुभावहरू,**

यस किसान बचत तथा ऋण सहकारी संस्था लि. को २३ औं ऐतिहासिक साधारण सभाका श्रद्धेय सभापतिज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, कार्यसमिति एवं उपसमितिका सहकर्मी साथीहरु, पत्रकार मित्रहरु, आदरणीय प्रतिनिधि एवं सम्पूर्ण शेयर सदस्य महानुभावहरु, शुभचिन्तक महानुभावहरुमा सचिवको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

"आफ्ना सदस्यहरुले आर्जन गरेका आयबाट नियमित रुपमा बचत गर्न उत्प्रेरित गर्ने र संकलन भएको पूँजी तथा रकमबाट उत्पादनमूलक तथा आवश्यकता टार्न उचित व्याजदरमा सरल र सुलभ तरिकाले ऋण प्रवाह गरी सदस्यहरुको आर्थिक र सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने यस संस्थाको स्थापनाको मुख्य उद्देश्य हो ।

वि.सं. २०५२ साल असार १५ गते १६ जना पुरुष र ९ जना महिलाबाट शुभारम्भ भएको यस संस्था वि.सं. २०५३ साल जेष्ठ १ गते तत्कालिन जिल्ला सहकारी कार्यालय नवलपरासीमा विधिवत दर्ता भएको हो ।

सामाजिक विकासको मेरुदण्डको रूपमा सहकारीलाई सम्बद्ध पक्षद्वारा पनि महत्व दिएको परिप्रेक्ष्यमा नेपालको संविधान २०७२ जारी भई संघीयता कार्यान्वयन हुने अवस्थामा सहकारी आर्थिक विकासको एक खम्बाको रूपमा स्थापित हुने भएकोमा थप हौसला मिलेको अनुभूति भइरहेको छ । आगामी दिनहरूमा नीतिगत विकास गरी बढ्दो बजारको प्रतिस्पर्धा, विभिन्न स्थानमा सेवा केन्द्रको स्थापना, उत्कृष्ट सेवा र वित्तीय स्वस्थताको प्रतिकीकरणमा आवद्धता भई थप ब्राण्डिङ प्राप्त गर्दै अगाडि बढ्नु पर्ने अवस्था र प्राप्त सम्मानलाई निरन्तर स्थापित गर्दै जाने, चुनौतिलाई चिर्दै एवम् अवसरलाई चुम्दै अझ यसका सेवाहरूलाई रूपान्तरित गर्दै संस्था सञ्चालनमा सहकारी मूल्य र मान्यता, सहकारी ऐनले निर्दिष्ट गरेका परिधि तथा आन्तरिक एवम् बाह्य प्रतिस्पर्धा महसुस गरेको छु ।

यस संस्थाको स्थापनाकालदेखि विभिन्न समयमा स्थानीय, जिल्ला, क्षेत्रीय, राष्ट्रिय एवं तेश्रो पटक एसियाली स्तरको अन्तर्राष्ट्रिय ब्राण्ड (Access Brand) प्राप्त गर्दै नेपालकै सर्वोत्कृष्ट सहकारी संस्था एवं नेपाल अधिराज्यकै एकीकरण

अभियानमा कीर्तिमान कायम राख्न सफल गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यस संस्थाका संस्थापक सदस्यहरु, भू.पू. अध्यक्ष एवं पदाधिकारीज्यूहरु, विगतदेखि वर्तमानसममका सञ्चालक समिति, उपसमितिका पदाधिकारी एवं शेयर सदस्यहरु तथा कर्मचारीहरुप्रति धन्यवाद तथा आभार प्रकट गर्न चाहन्छु ।

**यस किसान बचत तथा ऋण सहकारी संस्था लि.को परिकल्पना र ध्येय यस प्रकार रहेको छ ।**

**परिकल्पना (Vision)**

"समुदायमा आधारित, दिगो एवम् स्वस्थ प्रतिस्पर्धी एक उत्कृष्ट साकोस ।"

"One of the best, Sustainable and healthy-Competitive community based SACCOS"

**ध्येय (Mission)**

"सदस्यहरूको आर्थिक जीवनस्तरमा सुधार गरी सहकारी सिद्धान्तहरूमा आधारित अत्याधुनिक प्रविधियुक्त सर्वसुलभ वित्तीय तथा अन्य सेवाहरू प्रदान गर्ने ।"

"Providing the accessible financial and other services to the members by improving the economic standard based on co-operative principle and advanced technology."

**मूल्यहरु (Core Value)**

- इमान्दारिता (Honesty)
- भेदभाव रहित (Non-Discriminatory)
- सदस्यहरुको वित्तीय कारोवारको गोपनियता (Members Financial Transaction Privacy)
- जवाफदेहिता (Accountability)
- पारदर्शिता (Transparency)
- ऐक्यबद्धता (Solidarity)
- श्रृजनशिलता (Creativity)
- समयको पालना (Punctuality)
- व्यवसायिकता (Professionalism)
- पुरस्कार र सम्मानको संस्कृति (Award & Honor Culture)
- सामूहिक कार्य (Collective Work)

यसै पृष्ठ भूमिलाई मध्यनजर गर्दै अझ बढी उत्साह र प्रतिवद्धताकासाथ यस संस्थाको आ.व. २०७४/०७५ को प्रगति प्रतिवेदन र आ.व. २०७५/०७६ को प्रस्तावित वार्षिक कार्यक्रम यस गरीमामय साधारणसभामा सचिवको तर्फबाट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

| क्र.सं. | विवरण | गत वर्ष | यस वर्ष | प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर सदस्य संख्या | २७१०९ | ३४६०७ | २७.६५% |
| २ | शेयर पूँजी | ८९९२४९००.०० | १०८२७३२००.०० | २०.४०% |
| ३ | कूल बचत | ६०१५९६४३०.२२ | ७६०२२५१७८.०९ | २६.३६% |
| ५ | उठ्न बाँकी ऋण | ५९४६५६३०४.०० | ७८७०३८०९९.०० | ३२.३५% |

| क्र.सं. | विवरण | गत वर्ष | यस वर्ष | प्रतिशत |
|---|---|---|---|---|
| ६ | जम्मा आम्दानी | ७८१८३२२५.९५ | १०८०९५६३१.२१ | ३८.२५% |
| ७ | जम्मा खर्च | ६१५२५७९६.५१ | ८०९१३४४१.६३ | ३१.५१% |
| ९ | कूल सम्पत्ति | ७९१२९८२५८.०० | १०२८६२२१५६.५५ | २९.९९% |

**व्यवस्थापन पक्ष**

यस आ.व.मा संस्थाको संस्थागत तथा आर्थिक विकासमा धेरै प्रयासहरू गरीएका छन् जसले संस्थालाई नीति, विधि र प्रविधिको आधारमा अगाडि लैजान मद्दत पुगेको छ । गत साधारणसभापछि संचालक समितिको बैठक १३ पटक बसी संस्थाको नीतिगत कुराहरूमा महत्वपूर्ण निर्णयहरू गरी कार्यान्वयन गरीएको छ जसमा उपस्थिति संख्या, महत्वपूर्ण निर्णयहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

| क्र.सं. | नाम थर | पद | उपस्थित संख्या |
|---|---|---|---|
| १ | श्री श्रीहरि चालिसे | अध्यक्ष | १३ |
| २ | श्री भोजराज पौडेल | उपाध्यक्ष | ८ |
| ३ | श्री अनिल सापकोटा | सचिव | १२ |
| ४ | श्री कृष्ण प्रसाद ज्ञावली | कोषाध्यक्ष | ११ |
| ५ | श्री सरस्वती कंडेल | सह–सचिव | १२ |
| ६ | श्री गोपाल प्रसाद गौतम | सदस्य | ११ |
| ७ | श्री तिलक प्रसाद पराजुली | सदस्य | १० |
| ८ | श्री ईन्दिरा पाण्डे | सदस्य | ११ |
| ९ | श्री प्रेम सापकोटा | सदस्य | ११ |
| १० | श्री नर बहादुर थापा | सदस्य | ६ |
| ११ | श्री बम बहादुर मल्ल | सदस्य | ४ |
| १२ | श्री श्याम चुवाई | सदस्य | ० |
| १३ | श्री गोपाल सिर्पाली | सदस्य | ८ |
| १४ | श्री भूमिश्वर शर्मा | सदस्य | ८ |
| १५ | श्री उषा ज्ञवाली | सदस्य | ८ |
| १६ | श्री जयलाल पराजुली | सदस्य | १३ |
| १७ | श्री भागीरथ पौडेल | सदस्य | ८ |
| १८ | श्री रेशमलाल सापकोटा | सदस्य | ६ |
| १९ | श्री कुल प्रसाद अधिकारी | सदस्य | ५ |
| | **आमन्त्रित सदस्यहरू** | | |
| २० | श्री प्रेम प्रसाद सापकोटा | सदस्य | १० |
| २१ | श्री प्रजापति कंडेल | सदस्य | १ |
| २२ | श्री भेषराज पौडेल | सदस्य | १० |

| क्र.सं. | नाम थर | पद | उपस्थित संख्या |
|---|---|---|---|
| २३ | श्री रामकृष्ण पौडेल | सदस्य | ६ |
| २४ | श्री पवित्रा भुसाल | सदस्य | ८ |
| २५ | श्री पूर्णप्रसाद न्युरे | सदस्य | ३ |
| २६ | श्री प्रकाश खनाल | सदस्य | ८ |
| २७ | श्री अर्जुन खनाल | सदस्य | ८ |

**निर्णयहरू :**

**२०७४ पौष १५**

- २०७४ पौष ८ गते शनिवार गैंडाकोट स्थित नारायणी रिर्सोटमा सम्पन्न २२औ वार्षिक साधारण सभामा नेफ्स्कुनमा अध्यक्ष डि.वी. वस्नेत प्रमुख अतिर्थि, विशिष्ट अतिथि सहकारी अभियन्ता एवं नेफ्स्कुनका पूर्व अध्यक्ष श्री कैलाश भक्त प्रधानाङ्गज्यू, नेफ्स्कुन सञ्चालक लगायत अतिथि एवं सम्पूर्ण शेयर सदस्यहरुलाई हार्दिक धन्यवाद तथा आभार प्रदान गरियो ।
- संस्था द्वारा सञ्चालित किसान लघुवित्त कार्यक्रम ५ सदस्य उप समिति चयन गरिएको र सम्वन्धि निति माथि व्यापक छलफल पश्चात सर्व सम्मत निति पारित गरियो ।
- महिला राष्ट्रिय सहकारी गोष्ठीमा सहभागिताका लागि संस्थाका सह सचिव सरस्वती कंडेल र सञ्चालक सदस्य उषा ज्ञवाली लाई पठाउने निर्णय गरियो ।

**२०७४ माघ १२**

- संस्था एकिकरण पश्चात संचालनमा आएको दुम्कीवास सेवा केन्द्र व्यवस्थापन उपसमिती संयोजक श्री प्रकाश खनाल ज्यू र कावासोती सेवा केन्द्रका संयोजक श्री पूर्ण प्रसाद न्यूरेलाई संस्थाको सञ्चालक समितीको आमन्त्रित सदस्यमा मनोनयन गर्ने निर्णय गरियो ।
- दुम्कीवास क्षेत्रमा रहेका सहकारी संस्थाहरु क्रमश माछापुच्छ्रे साकोस,तिनचुली बहुउदेश्यीय स.स.लि., नवजन भावना बहुउदेश्यीय स.स.लि., पूर्णिमा कृ.स.स.लि. बिच एकिकरण पश्चात सेवा केन्द्र व्यवस्थापन उपसमिती गठनका लागि वृहत भेला सम्पन्न गर्ने निर्णय गरियो ।

**२०७४ फाल्गुन १२**

- ०७४ फागुन १६ देखी फागुन १९ सम्म सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम (CUDCC) कावासोती १७ स्थित होटल नानामा नेफ्स्कुनको प्राविधिक सहयोगमा सम्मन्न गर्ने निर्णय गरियो ।

**२०७४ चैत्र १०**

- संस्थाको गैंडाकोट न.पा. ८ स्थित नर्वनिमित भवनको समुद्घाटन २०७५ बैशाख १ गर्ते गर्ने निर्णय गरियो ।
- यस संस्थाले नवलपरासी(बर्दघाट सुस्ता पूर्व) अन्तरगत विनयी त्रिवेणी गाऊ पालिकामा रहेको क्रमश: पूर्णिमा कृर्षि सहकारी संस्था लि., माछापच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि., तिनचुली बहुउद्देश्यीय सहकारी संस्था लि. र नव जनभावना बहुउद्देश्यीय सहकारी संस्था लि. एकिरण भए पश्चात सोहि क्षेत्रमा ११ औं सेवा केन्द्रको रुपमा दुम्कीवास सेवा केन्द्र प्रमुख नेफ्स्कुनका सञ्चालक श्री शान्ति अधिकारी ज्यू बाट २०७४ चैत्र ११ गते समउद्घाटन गर्ने निर्णय गरियो ।
- फिलिपीन्समा हुन गईरहेको ACCESS Forum मा निम्नलिखित संस्थाबाट सहभागीता जनाउने निर्णय गरियो ।

अध्यक्ष - श्रीहरि चालिसे
सचिव - अनिल सापकोटा
सञ्चालक सदस्य - गोपाल प्रसाद गौतम
ऋण सदस्य - दुर्गा प्रसाद चालिसे
प्रमुख कार्यकारी अधिकृत - नवराज सापकोटा

**२०७५ चैत्र १७**

- संस्थाद्धारा नव निर्मित भवनको समुद्घाटन नेपाल सरकार कृषि,भूमि,व्यवस्था तथा सहकारी मन्त्री माननिय श्री चक्रपाणी खनाल ज्यूको कर कमलबाट गर्ने निर्णय गरियो ।

**२०७५ वैशाख ०८**

- यस किसान बचत तथा ऋण सहकारी संस्था लि.को नवनिर्मित भवनको समुद्घाटन नेपाल सरकार कृषि,भूमि,व्यवस्था तथा सहकारी मन्त्री माननिय श्री चक्रपाणी खनाल ज्यूको कर कमलबाट समुद्घाटन गर्नु भएकोमा उहां लगायत सम्पूर्ण विशिष्ट अतिथी एवंम अतिथी पत्रकार तथा शेयर सदस्य ज्यूहरुमा हार्दिक ज्ञापन गर्ने निर्णय गरियो ।
- यस संस्थाको आरुङ्गखोला स्थित आरुङ्गखोला सेवा केन्द्र वैशाख २९ गते शनिवारका दिन उद्घाटन गर्ने सर्वसम्मत निर्णय गरियो ।
- संस्थाको नवनिर्मित भवन निर्माण गर्न अहोरात खती भवन सम्पन्न गर्नु भएकोमा भवन निर्माण उपसमिती र सामान खरिद उपसमितीलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।
- यस संस्थाबाट सदस्यहरुलाई लगानी गर्ने ऋणको सुरक्षण वापत लिइने धितो मुल्यांकन गरी प्रतिवेदन पेश गर्न सुचिकृत कन्सल्टयान्सीहरुको लागि सुचना प्रकाशित गर्न सर्वसम्मत निर्णय गरियो ।
- यस संस्थाका सदस्यहरुलाई स्वास्थ विमा सेवा प्रदान गर्न तपसिल वमोजिमको अध्यायन टोली गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

  संयोजक - श्री कृष्ण प्रसाद ज्ञवाली
  सदस्य - श्री तिलक प्रसाद पराजुली
  सदस्य - श्री नर बहादुर थापा

**२०७५ जेष्ठ १९**

- यस संस्थाको २४ औं स्थापना दिवस भव्य रुपमा विविध कार्यक्रम सहित सम्पन्न गर्न तपसिल बमोजिमको तयारी समिती गठन गर्न सर्वसम्मत निर्णय गरियो ।

  **तपसिल**
  संयोजक - कृष्ण प्रसाद ज्ञवाली
  सदस्य - इन्दिरा पाण्डे
  सदस्य - जयलाल पराजुली

- यस संस्थाको आर्थिक प्रशासन निती २०६८को दफा १.११ संसोधन गर्ने निर्णय भयो ।

**२०७५ अषाढ ०९**

- यस संस्थाको मौजुदा शुसासन निती २०६८ को दफा ३८ अनुसार तपसिल बमोजिमको सचिवालय गठन गर्ने सर्वसम्मत निर्णय भयो ।

  संयोजक - श्री श्रीहरी चालिसे
  सदस्य - श्री भोज राज पौडेल

सदस्य - श्री अनिल सापकोटा

सदस्य - श्री कृष्ण प्रसाद ज्ञवाली

सदस्य - श्री गोपाल प्रसाद गौत्तम

सदस्य - श्री तिलक प्रसाद पराजुली

सदस्य - श्री नवराज सापकोटा

- यस संस्थाले नेपाल सरकारद्धारा वितरीत सहुलियत दको मल विउ विक्री वितरण कार्यलाई यस संस्थाबाट निरन्तरता दिन कृषि सामाग्री कम्पनी कावासोतीबाट यस संस्थाको नाममा डिलर सुचिकृत गराउन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**जेष्ठ १५ गते**

- SDRC,Lions ,Leo Club Gaindakot Jaycees,Sahaj Hospital र यस संस्थाको संयुक्त रक्तदान कार्यक्रम सम्पन्न गर्न श्री अनिल सापकोटालाई संयोजकको जिम्मेवारी दिने निर्णय गरियो ।
- दक्ष जनशक्ति उत्पादनका लागि हरेक सेवा केन्द्रमा इर्न्टनसीपका लागि आह्वान गर्ने निर्णय गरियो ।

**२०७५ साउन १२**

- यस संस्थाको २४ औं वार्षिक उत्सवको अवसारमा आयोजित सप्ताह व्यापी कार्यक्रम मध्ये गजल साहित्यीक सांझ कार्यक्रम मौलाकालिका प्राङ्गणमा समपन भएको र उक्त स्थानमा पंखाको आवश्यकता देखिएको हुंदा सञ्चालक समितीलाई प्रदान गर्ने नियमित बैठक भत्ता वापतको रकमबाट पंखा खरिद गरी प्रदान गर्ने सर्वसम्मत निर्णय भयो ।
- यस संस्थाद्धारा संचालित CUDCC तलिमको घोषणा पत्र अनुसार संस्थाद्धारा गठित सम्पूर्ण उपसमितीको कार्यकाल एक अर्थिक वर्ष मात्र कायम हुने र आ.व.को लागि पुन उपसमिती गठन गर्ने भन्ने निर्णय अनुसार आवश्यक अनुसारका उपसमिती गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।
- यस संस्थाको २३ औं क्षेत्रीय साधारण सभा २०७५ अश्विन २६ र २७ गते १२ स्थानबाट सम्पन्न गर्ने निर्णय गरियो ।

**२०७५ भाद्र ०९**

- NEFSCUN को प्राविधीक सहयोगमा सञ्चालित ACCESS कार्यक्रममा सहभागी भई यस संस्थालाई लगातार चौथो पटक ACCU द्धारा एसियाली स्तरको काश्य पदक प्राप्त गर्न सफल भएकोमा सम्पूर्ण शेयर सदस्यहरु सञ्चालक समिती लेखा समिती, विभिन्न उपसमिती लगायत व्यवस्थापन परिवारलाई हर्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।
- २२ औं साधारण सभाबाट नियुक्त हुनु भएका लेखा परीक्षक निरज सापकोटा एण्ड एसोसियसका चार्टड एाउन्टेन्ट्स द्धारा आ.व. २०७४/०७५ को लेखा परीक्षण कार्य सम्पन्न गरी प्रस्तुत गर्नु भएको लेखा परीक्षण प्रतिवेदनलाई परित गर्दै आगमी आश्विन २६ र २७ गते हुने यस संस्थाको २३ औं क्षेत्रीय साधारण सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।
- आ.व.०७४/०७५ को प्रगती प्रतिवेदन तथा ०७५/०७६ को निती तथा कार्यक्रम र बजेट २३ औं क्षेत्रीय साधारण सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।
- संस्थाको २३ औं क्षेत्रीय साधारण सभा एतिहासिक रुपले सम्पन्न गर्न तपसिलमा उल्लेखित तयारी मुल सामारोह उपसमिती गठन गर्ने निर्णय गरियो ।

संयोजक - अनिल सापकोटा

सदस्य - सरस्वती कंडेल

सदस्य - प्रेम सापकोटा

सदस्य - भेषराज पौडेल

सदस्य - जयलाल पराजुली

**जनशक्ति**

कुनै पनि संस्थाको सफलता र असफलता उक्त संस्था संचालनमा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न जनशक्तिको आधारमा हुन्छ । यस संस्थाले स्थापनाकालदेखि हालसम्म सहकारीको खुल्ला तथा स्वेच्छिक सदस्यताको सिद्धान्त अनुसार सदस्यता थप गर्दै आइरहेको छ । यसरी यस संस्थाको २३ औं साधारणसभा २०७५ अषाढ मसान्तसम्म ३४६०७ जना सदस्यहरू पुगेको सम्मानित साधारणसभा समक्ष निवेदन गर्दछु ।

संस्थाको कार्य प्रभावकारी रूपमा सम्पादन गर्न संचालक समिति १९ जना, आमन्त्रित सदस्य ८ जना, लेखासमिति ३ जना, सल्लाहकार ९ जना, ऋण उपसमिति ५, शिक्षा उपसमिति ३, युवा परिचालन उपसमिति ७, महिला जागरण उपसमितिमा ७, लघुवित्त उपसमिति ५ जना, सेवा केन्द्र व्यवस्थापन उप समिति संयोजक सहित २०३ जना भन्दा बढी क्रियाशील रहेका छन् भने नियमित रूपमा दैनिक कार्यसंचालनका लागि ७३ जना कर्मचारीहरूबाट कार्यसम्पादन हुँदै आएको छ । यी सबै जनशक्तिहरूको क्षमता अभिवृद्धि गराउन राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरका तालिम, गोष्ठी, सेमिनार आदिमा निरन्तर सहभागिता गराइएको छ । संस्थाको जनशक्तिको प्रमुख स्रोत सम्मानित शेयर सदस्यहरू नै भएको व्यहोरा निवेदन गर्दछु ।

**कार्यालय व्यवस्थापन**

संस्थाले आफ्ना शेयर सदस्यहरूलाई अझ बढी सेवा प्रदान गर्नको लागि गैंडाकोट-८, विजयचोक, रजहर सेवा केन्द्र, पञ्चदृष्टि सेवा केन्द्र दलदलेमा ३६५ दिन काउण्टर खुला गरी सेवा प्रदान गरीरहेको छ । उक्त काउण्टरबाट सार्वजनिक बिदाको दिन बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म कारोबार हुने गरेको छ भने मंसिरदेखि फागुनसम्म बिहान १० बजेदेखि साँझ ४ बजेसम्म र अन्य महिना बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सेवा प्रदान भै रहेको छ । कार्यालयको दैनिक कामलाई चुस्तदुरूस्त र पारदर्शी बनाउन कम्प्यूटरमा अत्याधुनिक माइक्रो बैंकर सफ्ट्वेयर संचालन गरीएको छ भने हरेक सेवा केन्द्रमा सुझाव पुस्तिकाको व्यवस्था गरी शेयर सदस्यज्यूहरूको इच्छा, आकांक्षा र मनोभावनालाई सम्बोधन गर्दै अझै थप व्यवस्थापनका पक्षहरूलाई प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।

**कार्यालय संचालनका आधारहरू :**

संस्थालाई सबल र सक्षम रूपमा **नीति, विधि र प्रविधि**को विकास गरी दिगो विकास गर्न संस्थाका औजारहरू व्यवस्थित र समय सापेक्ष संशोधन, परिमार्जन गरी संस्थालाई आवश्यक पर्ने नीति, कार्यविधि र निर्देशिका तयार गरी संयुक्त बैठकबाट पारित गरी साधारणसभामा समेत अनुमोदन गरी लागू गरेको व्यहोरा स्मरण गराउन चाहन्छु । साथै संस्थामा सुशासनको व्यवस्था, सूचनाको हकको प्रत्याभूति, सञ्चारलाई व्यवस्थित र प्राप्त सुझावहरूलाई संस्था संचालनको आधारशीलाको रूपमा अंगिकार गरीएको छ । हालसम्म तयार पारी कार्यान्वयन गरीएका नीति कार्यविधि एवम् निर्देशिकाहरू यस प्रकार रहेका छन् ।

**नीति, कार्यविधि तथा निर्देशिकाहरु :**

| | |
|---|---|
| १) सदस्यता नीति | १९) भूक्तानी कार्यविधि |
| २) बचत नीति | २०) लिलाम बिक्री कार्यविधि |
| ३) गल्ती व्यवस्थापन नीति | २१) बचत संकलन कार्यविधि |
| ४) सुशासन नीति | २२) कर्मचारी नियुक्ति कार्यविधि |
| ५) अपलेखन नीति | २३) नगद व्यवस्थापन कार्यविधि |
| ६) बाह्य ऋण नीति | २४) दैनिक बचत संकलन कार्यविधि |
| ७) सेवा केन्द्र सञ्चालन नीति | २५) ऋण लगानी कार्यविधि |
| ८) शेयर नीति | २६) सदस्यता प्रदान कार्यविधि |
| ९) ऋण नीति | २७) योजना निर्माण कार्यविधि |
| १०) जोखिम व्यवस्थापन नीति | २८) बचत संकलन कार्यविधि |
| ११) मानव शंसाधन नीति | २९) बचत फिर्ता कार्यविधि |
| १२) लेखा नीति | ३०) अपलेखन कार्यविधि |
| १३) निर्वाचन नीति | ३१) ३६५ दिने सेवा केन्द्र संचालन निर्देशिका |
| १४) प्रतिनिधि छनोट नीति | ३२) पुरस्कार प्रदान निर्देशिका |
| १५) साधारणसभा संचालन कार्यविधि | ३३) प्रतिनिधि छनोट निर्देशिका |
| १६) धितो मूल्यांकन कार्यविधि | ३४) सदस्य हेरचाह निर्देशिका |
| १७) ऋण स्वीकृत कार्यविधि | ३५) टेलिफोन संचालन निर्देशिका |
| १८) बैठक संचालन कार्यविधि | ३६) लघुवित्त नीति |

**ऋण व्यवस्थापन :**

ऋण नीति अनुसार ऋणको व्यवस्थापन गरीएको छ । संस्थाले आफ्ना सदस्यहरूलाई सर्वसुलभ ढंगले ऋण उपलव्ध गराउन आवश्यकता अनुसार बैठक बसी ऋण सिफारिश र लगानीका निर्णयहरू गर्दै आइरहेको छ । 5c ऋण विश्लेषण, नगद प्रवाह विश्लेषण, ऋण सदुपयोगिता र परियोजनाको अध्ययन गरी विद्यमान ऋण लगानी नीति २०६९ को परिधिभित्र रही ऋण लगानी गर्दै आएको छ । समाजमा गरीबी निवारण गर्ने र समुदायमा बस्ने मानिसको आय आर्जन तथा आयमूलक कार्यहरू संचालन गर्ने गराउने, संस्थाका सबै सदस्यहरूलाई नियमित रूपमा सुविधाजनक तरिकाले निरन्तर ऋण प्रदान गर्न निम्नानुसार ऋण वर्गीकरण गरीएको छ ।

| क्र.सं. | ऋणको किसिम | ऋणको सिमा | किस्ता | ऋणको अवधि |
|---|---|---|---|---|
| १. | कृषि | २,००,०००.०० | त्रैमासिक | ३ वर्ष |
| २. | पशुपालन | ५०,००,०००.०० | त्रैमासिक | ५ वर्ष |
| ३. | व्यापारिक | ७५,००,०००.०० | त्रैमासिक | ६ वर्ष |

| क्र.सं. | ऋणको किसिम | ऋणको सिमा | किस्ता | ऋणको अवधि |
|---|---|---|---|---|
| ४ | आकस्मिक | २०,०००.०० | एकमुष्ठ | १ वर्ष |
| ५. | शैक्षिक | ३०,००,०००.०० | त्रैमासिक | ४ वर्ष |
| ६. | वैदेशिक | ३०,००,०००.०० | त्रैमासिक | ४ वर्ष |
| ७. | घरजग्गा | ७५,००,०००.०० | त्रैमासिक | ६ वर्ष |
| ८. | इजिलोन | ७५,००,०००.०० | मासिक व्याज | २ वर्ष |
| ९. | घरखर्च | १,००,०००.०० | त्रैमासिक | ३ वर्ष |
| १०. | हायरपर्चेज (मोटरवाइक) | १,००,०००.०० | मासिक | २ वर्ष |
| ११. | लघुउद्यम | २,००,०००.०० | त्रैमासिक | ३ वर्ष |
| १२. | कुखुरापालन | ५०,००,०००.०० | त्रैमासिक | ५ वर्ष |

**असुली :**

बचत तथा ऋण सहरकारी संस्थाहरूको दोस्रो महत्वपूर्ण सेवा भनेको ऋण प्रदान गर्नु हो भने लगानी गरीएको ऋणलाई नियमित असुली प्रक्रियामा प्रभावकारीता ल्याई भाखा नाघेको ऋणलाई Access मान्यता अनुसार भाखा नाघेको ऋण कुल सम्पत्तिको <५% हुनुपर्ने प्रावधान अनुरूप ऋण असुली प्रक्रियाको विभिन्न चरणवद्ध प्रक्रियाहरू अबलम्बन गरीएको छ । जस्तै : ऋणी सदस्यहरूलाई मौखिक जानकारी, टेलिफोन सम्पर्क, पत्राचार भेटघाट एवं अन्य वैकल्पिक वित्तीय परामर्श आदि । त्यसैगरी प्रत्येक महिनाको मसान्तमा ऋणी सदस्यले भुक्तानी गर्नुपर्ने व्याज एवं भाखा नाघेको ऋण किस्ताको बारेमा जानकारी दिइदै आएको छ साथै ऋण असुली दबाब समिति गठन गरी प्रत्यक्ष ऋणीहरूलाई घरदैलोमै भेटी आवश्यक परामर्श सहित कडाइकासाथ ऋण असुली नीति २०६९ को परिधिभित्र रही प्रभावकारी ऋण असुली प्रक्रिया अपनाइएको छ । संस्थाको व्यवस्थापन पक्षलाई ऋण असुली प्रक्रियामा सक्रियताका साथ अगाडि बढाइएको छ र यसलाई अझ बढी प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।

**बचत व्यवस्थापन :**

समाजमा रहेका विभिन्न वर्गका आफ्ना सदस्य कृषक, व्यवसायी, कर्मचारी, शिक्षक तथा अन्य पेशामा संलग्न रहेका गरीब, सिमान्त तथा मध्यमवर्गीय सदस्यहरूसँग छरिएर रहेको स-सानो पूँजीलाई संकलन गर्न विभिन्न प्रकारका बचत सेवाको विविधिकरण माध्यमबाट उनीहरूकै आवश्यकता र चाहना अनुरुप यस संस्थाले प्रदान गरेको बचत सेवाहरू यस प्रकार छन् ।

**बचतका प्रकारहरू**

| | | | |
|---|---|---|---|
| १. | मासिक बचत | २. | नावालक बचत |
| ३. | दैनिक बचत | ४. | खुत्रुके बचत |
| ५. | ऐच्छिक बचत | ६. | आवधिक |
| ७. | विशेष बचत | ८. | जेष्ठ नागरीक बचत |

| | | | |
|---|---|---|---|
| ९. | असहाय तथा एकल महिला बचत | १०. | प्रिपेड मुद्दती |
| ११. | किसान घरखर्च बचत | १२. | संचय कोष बचत |
| १३. | समृद्धि बचत | १४. | सवारी साधन बचत |
| १५. | नारी बचत | १६. | रेमिट्यान्स बचत |
| १७. | आकस्मिक बचत | १८. | कर्पोरेट बचत |

**हालसम्म एकिकरण भएका संस्थाहरु :**

| क.सं. | सहकारीको नाम | एकिकरण भएको मिति |
|---|---|---|
| १ | पञ्चकन्या बचत तथा ऋण सहकारी संस्था लि. | २०५८ पौष ३० गते |
| २ | भृकुटी कागज कारखानामा कार्यरत कर्मचारीहरुको संगठन | २०६५ साल |
| ३ | अन्नपूर्ण बहुउद्देश्यीय सहकारी संस्था लि. | २०६८ पौष २७ गते |
| ४ | जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. | २०७३ असार ३ गते |
| ५ | पञ्चदृष्टि बहुउद्देश्यीय सहकारी संस्था लि. | २०७३ असार १९ गते |
| ६ | कावासोती बचत तथा ऋण सहकारी संस्था लि. | २०७३ असार १९ गते |
| ७ | समृद्धि बचत तथा ऋण सहकारी संस्था लि. | २०७३ आश्विन २० गते |
| ८ | हिमचुली बचत तथा ऋण सहकारी संस्था लि. | २०७३ कार्तिक १९ गते |
| ९ | कुनाको बचत तथा ऋण सहकारी संस्था लि. | २०७३ मंसिर २० गते |
| १० | पञ्चवटी सामाजिक महिला उद्यमी सहकारी संस्था लि. | २०७३ मंसिर २९ गते |
| ११ | नवअरुण बहुउद्देश्यीय सहकारी संस्था लि. | २०७४ माघ २९ गते |
| १२ | श्रमिक सहयोगि बचत तथा ऋण सहकारी संस्था लि. | २०७४ माघ २९ गते |
| १३ | पूर्णिम कृषि सहकारी संस्था लि. | २०७४ माघ २९ गते |
| १४ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | २०७४ माघ २९ गते |
| १५ | तीनचुली बचत तथा ऋण सहकारी संस्था लि. | २०७४ माघ २९ गते |
| १६ | नव जनभावना बहुउद्देश्यीय सहकारी संस्था लि. | २०७४ माघ २९ गते |

**सामाजिक तथा मानवीय क्रियाकलाप :**

यस संस्थाले वित्तीय क्षेत्रका साथै सामाजिक दायित्वलाई महशुस गरी स्थापना कालदेखि शिक्षा, स्वास्थ्य लगायतका मानवीय सहयोगसँग सम्वन्धित विभिन्न क्षेत्रका क्रियाकलापहरू पनि संचालन गर्दै आइरहेको छ । जसमा,

- २८८ जना सदस्यहरूबाट नेत्रदान ।
- शेयर सदस्यहरू मध्येबाट ७५ वर्ष पुगेकाहरूलाई वृद्ध सम्मान ।

- गैंडाकोट स्थित सहकारी एवं गैह्रसहकारी संस्थाहरूबीच सहकार्य गर्दै संयुक्त रक्तदान कार्यक्रम सम्पन्न । (यसवर्ष SDRC, सहज सामुदायिक अस्पताल, गैंडकोट जेसीज, लायन्स क्लब अफ गैंडाकोट मौलाकालिका)
- यस संस्था र महेन्द्र आँखा अस्पतालको संयुक्त आयोजनामा हालसम्म ५२७ जनाको नि:शुल्क आँखा परीक्षण एवं ३९ जना व्यक्तिको नि:शुल्क मोतिया विन्दुको शल्यक्रिया ।
- शेयर सदस्यहरू मध्येबाट ८४ वर्ष पुगेकाहरूलाई चौरासी पूजाका दिन सम्मान कार्यक्रम ।
- हरितालिका तीजको उपलक्ष्यमा तीज गीत प्रतियोगिता कार्यक्रम आयोजना ।
- समुदायमा सामूहिक रोपाइँ कार्यक्रम
- क्षेत्रगत रूपमा स्वास्थ्य शिविर सञ्चालन ।
- वृद्ध सदस्यहरूाई तिर्थाटन कार्यक्रम
- २०६२ पौष महिनादेखि लागू हुने गरी संस्थाका शेयर सदस्यहरूको असमायिक निधन हुन पुगेमा निजका परिवारहरूलाई आर्थिक राहत (अनुदान) स्वरूप रू. २०,०००।- प्रदान गर्न पारिवारिक राहतकोषको स्थापना गरी हालसम्म देहायका सदस्यका हकवालालाई रकम प्रदान गरीसकिएको छ ।

| सदस्य नं. | नाम, थर | निधन मिति |
|---|---|---|
| ७२६ | भुवनेश्वरी घिमिरे | २०६३/०८/२४ |
| ३३७ | ओमप्रसाद घिमिरे | २०६४/०१/२७ |
| ५४४ | नरिश्वर न्यौपाने | २०६४/०३/०३ |
| ६९० | सूर्यप्रसाद पन्त | २०६५/०७/२९ |
| ६०५ | शोभाखर पौडेल | २०६५/०८/०२ |
| ५३७ | फुलमाया तामाङ | २०६७/०७/०२ |
| २५९ | केशव बहादुर पाण्डे | २०६९/०३/०५ |
| ०६ | धनकलादेवी पौडेल | २०७०/०६/०७ |
| ३०८ | भवानी प्रसाद उपाध्याय | २०७०/११/०४ |
| ६८९ | मनबहादुर थापा | २०७०/११/०८ |
| ७६४ | बालिकादेवी सापकोटा | २०७१/०१/०५ |
| २६३ | विष्णुप्रसाद तिवारी | २०७१/०३/०६ |
| ४१५ | बोधराज तिमल्सेना | २०७१/१२/२३ |
| २२१७ | कमल थापा | २०७२/०५/२५ |
| ८३८५ | सरस्वती कंडेल | २०७२/०७/०६ |
| ११०१८ | नवराज पोखेल | २०७२/०७/०६ |
| ५८ | शोभाखर पौडेल | २०७२/०८/०७ |
| ६३३ | तुलिमाया गान्छकी | २०७२/०९/०५ |

| सदस्य नं. | नाम, थर | निधन मिति |
|---|---|---|
| ७३५७ | विष्णु माया नेपाली | २०७२/०९/२८ |
| ३७४ | भागिरथ शर्मा | २०७२/१०/१३ |
| ४०९२ | राम प्रसाद पाण्डे | २०७२/१०/०७ |
| ८६४८ | डिल्ली प्रसाद पौडेल | २०७२/११/०७ |
| ५५७ | सान्नानी तामाङ | २०७२/१२/०१ |
| ३८ | शिवलाल कुमाल | २०७२/१२/१० |
| ३५९० | भुमिश्वर सापकोटा | २०७२/१२/१५ |
| २७९४ | सावित्री श्रेष्ठ | २०७३/०१/०६ |
| ६०६ | पार्वती पौडेल | २०७३/०१/०८ |
| ६४४६ | थानेश्वरी कंडेल | २०७३/०१/१७ |
| ४३०६ | आइतमाया कुमाल | २०७३/०२/०६ |
| ५८२२ | छिमी दोर्जे गुरुङ | २०७३/०२/१७ |
| ९९७ | विष्णु माया रिमाल | २०७३/०४/०३ |
| १०६६ | नारायण शर्मा पौडेल | २०७३/०७/०९ |
| ५०५ | वासुदेव घिमिरे | २०७३/९/२७ |
| १५१ | विमला गौतम | २०७३/१२/५ |
| १३०० | भक्तमालिक कट्टेल | २०७३/१२/१५ |
| ७५२ | शेषहरि शर्मा | २०७४/१/२२ |
| ६६६३ | जमुना देवी कट्टेल | २०७४/१/२२ |
| ६२२१ | सनम फालमगर | २०७४/२/२६ |
| ९२४४ | गोविन्द सुवेदी | २०७४/२/२७ |
| ६५२ | चोक बहादुर आले | २०७४/४/२६ |
| ६३५६ | चन्द्र ब. बोगटी | २०७४/५/१ |
| ५८६० | टंक ब. परियार | २०७४/६/१ |
| ४९८ | चुडामणि पौडेल | २०७४/८/१२ |
| १४९४ | दिल ब. पुन | २०७४/८/१९ |
| ३६१४ | रोमति डिस्वा मगर | २०७३/११/२८ |
| २६३१ | गीता परियार | २०७३/१२/३१ |

| सदस्य नं. | नाम, थर | निधन मिति |
|---|---|---|
| २८६१ | पूण माया आले | २०७४/१/२२ |
| ८१०४ | राजु वि.क. | २०७४/१/२४ |
| ३७६७ | डिल्ली प्र. शर्मा सुवेदी | २०७४/४/२९ |
| | गुनाखर खरेल | २०७४/१०/१५ |
| | टोप वहदुर थापा | २०७५/०१/२७ |
| | विष्णुमाया बुढाथोकी | २०७५/०२/०९ |
| | गोपीमाया घले | २०७५/०२/११ |
| | दरिसा आले मगर | २०७५/०२/१३ |
| | बाबुराम बराल | २०७५/०४/१७ |
| | चित्र प्रसाद दाहाल | २०७५/०४/१८ |
| | लालमणी भण्डारी | २०७५/०५/०१ |
| | डिल कुमारी नेपाली | २०७५/०५/०२ |
| | चन्द्रदत्त कंडेल | २०७५/०५/०७ |
| | यम वहादुर वोहोरा | २०७५/०५/१९ |
| | सुक बहादुर सुनार | २०७५/०५/१९ |
| | अनिसा राना | २०७५/०६/०१ |
| | काशीमाया देवकोटा | २०७५/०६/०६ |
| | हेमलाल लामिछाने | २०७५/०६/११ |

## छवि र साख

१. सहकारी स्वर्ण महोत्सव वर्ष २०६३ को उपलक्ष्यमा राष्ट्रिय सहकारी संघबाट **उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार** ।

२. सहकारी स्वर्ण महोत्सव वर्ष २०६३ को उपलक्ष्यमा डिभिजन सहकारी कार्यालय नवलपरासीबाट यस संस्थालाई स्थापनाकालदेखि सहकारी मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात् गर्दै सदस्यको हित र सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानलाई उच्च मूल्याङ्कन गर्दै **पुरस्कारसहित प्रशंसा–पत्र** ।

३. बचत तथा ऋण सहकारी संस्थाहरूको छाता संगठन नेफ्स्कून स्थापना दिवसको उपलक्ष्यमा पश्चिमाञ्चल विकास क्षेत्रकै **उत्कृष्ट सहकारीबाट पुरस्कृत** ।

४. नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघद्वारा मध्यमाञ्चल क्षेत्रको नारायणगढमा संचालित काउन्टरमा कारोबार गर्ने संस्थाहरूमध्ये यस संस्था **उत्कृष्ट भई पुरस्कृत** ।

५. वि.सं. २०६९ मा नेपालभरका बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापकहरूमध्ये यस संस्थाका व्यवस्थापक देशभरीकै **सर्वोत्कृष्ट व्यवस्थापक** हुन सफल भई पुरस्कृत ।

६. जिल्ला सहकारी संघ लि. नवलपरासीबाट **उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार** २०७१ प्राप्त गर्न सफल ।

७. नेफ्स्कूनद्वारा आफ्नो २८ औं स्थापना दिवसको अवसरमा नेपालकै **सर्वोत्कृष्ट सहकारी पुरस्कार** २०७२ को घोषणा ।

८. सहकारी समन्वय मञ्च गैंडाकोटद्वारा **पुरस्कृत** ।

९. संस्थाले यसै वर्ष एक्सेस कार्यक्रम अन्तर्गत **चौथौ पटक अन्तर्राष्ट्रिय स्तरको ब्राण्ड** प्राप्त गर्न सफल ।

१०. नवलपरासी जिल्ला विकास समितिको २४ औं जिल्ला परिषद्बाट **जिल्लाकै उत्कृष्ट संस्था पुरस्कार** प्राप्त ।

११. **सहकारी एकीकरण अभियानमा नेपालमै कीर्तिमान** कायम गरी अग्रणी संस्थाको रूपमा यसै वर्ष नेफ्स्कूनबाट सम्मानित ।

१२. ६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमै नवलपरासी जिल्ला बचत तथा ऋण सहकारी संघ लि. द्वारा शेयर पूँजी वृद्धि, बचत निक्षेप तथा सदस्यता नविकरण विधामा प्रशंसा-पत्रसहित पुरस्कृत- २०७३ ।

१३. ६० औं राष्ट्रिय सहकारी दिवसको अवसरमा जिल्लाभरि सबभन्दा बढी सहकारी संस्था एकीकरण गरी गुणात्मक सेवा प्रदान गरे वापत डिभिजन सहकारी कार्यालय तथा जिल्ला सहकारी संघ लि. नवलपरासीद्वारा संयुक्त रुपमा प्रशंसापत्र सहित सम्मान- २०७३ ।

**सम्पर्क, गतिविधि र सहकार्य**

- मिति २०५३/०९/१० मा नेफ्स्कूनको सदस्यता लिए पश्चात नेफ्स्कूनद्वारा संचालित विभिन्न प्रशिक्षणमा सहभागी भएको र अन्तरलगानी कार्यक्रममा सहभागी भएको छ ।
- नवलपरासी जिल्ला बचत तथा ऋण सहकारी संघ नवलपरासीमा आवद्धता ।
- जिल्ला सहकारी संघ नवलपरासीमा आवद्धता ।
- राष्ट्रिय सहकारी विकास बैंक ।
- नेपाल सरकार, अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष, अनामनगर, काठमाडौं ।
- फर्स्ट माइक्रो फाइनान्स विकास बैंक ।

**आगामी कार्यक्रम**

सभापति महोदय,

यस किसान बचत तथा ऋण सहकारी संस्था लिमिटे दिन प्रतिदिन विकास हुँदै गैरहेको र Access मा सहभागी भइसकेको र प्रथम त्रिवर्षीय व्यवसायिक कार्ययोजनाको शतप्रतिशत लक्ष्य प्राप्त भैसकेको साथै दोस्रो त्रिवर्षीय व्यवसायिक कार्ययोजना निर्माण गरी कार्यान्वयन भइरहेको एवं आवश्यक संशोधन सहित कार्यान्वयन भइरहेको र संस्थालाई एसियाली मापदण्डको ब्राण्ड प्राप्त भइसकेको र नेफ्स्कूनद्वारा गत वर्ष नेपालकै सर्वोत्कृष्ट सहकारी घोषणा भएको र यस वर्ष एकीकरण अभियानमा कीर्तिमान गरी सम्मानित भइसकेको परिप्रेक्ष्यमा यि सबै प्रतिष्ठा र सम्मानलाई कायम राख्दै गुणस्तरीय सेवा र आगामी दिनमा आइपर्ने चुनौतिपूर्ण अवसरलाई पूरा गर्नु परेको अवस्थामा संस्थालाई सुशासित रूपमा संचालन गर्नु पर्ने आवश्यकता रहेको छ । संस्थालाई पुनर्जीवन प्रदान गर्न संस्थाका हरेक क्षेत्रमा लिखित र स्पष्ट नीतिहरू, कार्यविधि र निर्देशिकाहरू बनाई प्रभावकारी कार्यान्वयमा ल्याइएको छ । सहकारी संस्था संचालन गर्न हाम्रा सामु विभिन्न चुनौती देखा पर्न थालेका छन् जसले गर्दा सहकारी संस्थाको स्थायित्वमा प्रश्न चिन्ह खडा हुन सक्दछ तसर्थ सहकारी आन्दोलनमा सचेत सदस्य र सबल नेतृत्वको विकास गर्नु आजको प्रमुख दायित्व हुन आउँदछ । संविधान जारी भई संघीयताको कार्यान्वयनमा पनि अगाडि बढ्ने अवस्थामा पनि विभिन्न स्थनीय प्रादेशिक कानूनहरूलाई मध्यनजर राख्दै अगाडि बढ्नु पर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भहरूलाई जोड्दै म अब आ.व. ०७४/०७५ मा यस संस्थाद्वारा परिलक्षित गरीएका निम्न लिखित

कार्यक्रमहरूमाथि छलफल गरी आवश्यक सुझाव सहित संशोधन गरी यस गरीमामय साधारणसभाले पारित गर्नेछ र यसको अक्षरश: कार्यान्यनको लागि कार्य समिति एवं सम्पूर्ण व्यवस्थापन परिवार अनवरत रूपमा लाग्नेछ भन्ने अपेक्षाकासाथ प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## आ.व. २०७५/०७६ को प्रस्तावित नीति तथा कार्यक्रम

### नियमित कार्यक्रमहरु:

यस आ.व.मा सञ्चालक समितिको बैठक कम्तिमा १२ पटक बस्ने छ ।

सेवा केन्द्रस्तरीय व्यवस्थापन उपसमितिको बैठक न्यूनतम १२ पटक बस्ने छ ।

- सञ्चालक समिति, लेखा समिति, सल्लाहकार र विभिन्न उपसमितिहरुको संयुक्त बैठक वर्षमा कम्तिमा ३ पटक बस्ने छ ।
- संस्थाको भित्ते क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिइने छ ।
- संचालक र कर्मचारीहरुबीच कम्तिमा बैठक २ पटक बस्ने छ ।
- ऋण अनुगमन प्रक्रियालाई अझै बढी प्रभावकारी र नियमित बनाई विद्यमान ऋण असुली नीतिलाई परिमार्जन गर्दै लगिने छ ।
- सदावहार काउण्टर (३६५ दिन) तथा सन्ध्याकालिन काउण्टर सेवालाई अझ व्यवस्थित एवम् प्रभावकारी बनाईने छ ।
- संस्थाले सदस्यहरुको इच्छा, चाहना र रुचि अनुसारका विभिन्न प्रकारका बचतहरुलाई निरन्तरता दिइने छ ।
- संस्थाबाट प्रदान गरिदै आएको ABBS सेवालाई निरन्तरता दिइने छ ।
- नेपाल सरकार अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- संस्थाको सदस्यता वृद्धिको लागि सहकारी ऐनको परिधिमा रही सदस्यता खुल्ला राखिने छ ।
- विभिन्न तालिम, सेमिनार, गोष्ठ लगायतका औपचारिक तथा अनौपचारिक कार्यक्रममा सहभागिता जनाइने छ ।
- बचत तथा ऋणका क्षेत्रहरुमा समयानुसार विविधिकरण गरिने छ ।

### विशेष कार्यक्रमहरु :

- संस्थाको शेयर पूँजी बृद्धिको लागि यस आ.व.मा चुक्ता शेयर पूँजी रू.१५,००,००,००० पुऱ्याउने लक्ष्य लिएको छ ।
- संस्थाको वित्तीय कारोबारलाई व्यवस्थित गर्न संस्थाको विद्यमान सफ्टवेयरलाई अझै परिमार्जन गरिने छ ।
- सदस्यहरुलाई प्रदान गर्ने वस्तु तथा सेवाको गुणस्तरमा वृद्धि गर्नुको साथै प्रविधिमैत्री गराइने छ ।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. को आयोजना तथा एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा संचालित Access Branding कार्यक्रम अन्तर्गत एसियाली स्तरको ब्राण्ड चौथो पटक पनि प्राप्त गरिसकिएको हुँदा ब्राण्डमा स्तरीकरण गर्ने लक्ष्य लिइने छ ।
- एस.एम.एस. बैकिङ सेवा, मोवाईल रिचार्ज, एडिएसएल रिचार्ज, टेलिफोन विल भुक्तानी, बिजुली तथा पानीको विल भुक्तानी सेवालाई थप परिमार्जन गर्दै किसानको आफ्नै एप्स (Kisan SACCOS) मार्फत २४ सै घण्टा मोवाईल बैकिङ सेवालाई निरन्तरता दिइने छ ।
- विगतका वर्षहरुदेखि दैनिक बचत संकलन कार्यक्रमलाई व्यवस्थित तथा आधुनिकरण गर्न संचालनमा ल्याईएको Tablet Banking लाई अझ परिमार्जन गरी ऋण असुली तथा नियमित बचत संकलनको लागि समेत प्रयोगमा ल्याइने छ ।

- आर्थिक वर्ष २०७५/०७६ को अन्तसम्ममा न्यूनतम ४०,००० शेयर सदस्यहरू पुऱ्याइने छ र 'मसँग मेरो परिवार र साथी' भन्ने अभियानलाई निरन्तरता दिई सदस्यता वृद्धि गरिने छ ।
- शेयर सदस्यहरुको संस्थासँग दिगो सम्बन्ध कायम गर्न जन्मदेखि मृत्युसम्मका विविध कार्यक्रमहरुमा संस्थागत सहभागिता जनाइने छ ।
- कर्मचारीको प्रोत्साहनको लागि तलव संचयकोष, ग्रेड, दशैं खर्च, औषधि उपचार, पोषाक, वोनस, बिमा उपदान, वृत्तिविकास आदिको कार्यसम्पादन मापन रणनीति तयार गरी कार्यान्वयन गर्दै कर्मचारीको मनोबल बढाइने छ ।
- यस संस्थाका वृद्ध शेयर सदस्यहरुलाई धार्मिक तीर्थाटन कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- संस्थाको नियमानुसार उत्कृष्ट ऋणीलाई सदस्य सहुलियत कार्ड (ग्रीनकार्ड) प्रदान गरिने छ । ग्रीनकार्ड प्राप्त गर्ने सदस्यहरुलाई पुन: ऋणको आवश्यकता परेमा चालु ऋणको व्याजदरमा १ प्रतिशत सहुलियत प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत नवजात शिशुलाई भोटो तथा सुत्केरीलाई हर्लिक्स उपलव्ध गराउनुको साथै नवजात शिशुको नाममा रु १०० को निशुल्क बाल बचत खाता खोली पास बुक उपलव्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- हरेक महिना सेवाकेन्द्र स्तरिय उत्कृष्ट सदस्यको रुपमा छनौट गरी पुरस्कृत गरिने छ ।
- बढ्दै गइरहेको बेरोजगारी समस्यालाई मध्यनजर गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोष तथा अन्य निकायसँग सम्पर्क, समन्वय एवं प्रस्ताव पेश गरी यस संस्थाका शेयर सदस्यहरुलाई विभिन्न सीपमूलक तालिम तथा आय आर्जन हुने कार्यक्रमहरु संचालन गरिने छ ।
- सदस्यहरुको व्यवसायको प्रकृति अनुसार प्रति सदस्य अधिकतम रु. ७५,००,००० सम्म ऋण लगानी गरिने छ ।
- सदस्यहरुबाट प्राप्त सुझावहरुलाई हृदयंगम गरी संस्थाको सुझाव पुस्तिकामा उल्लेखित सदस्यहरुको उत्कृष्ट सुझावलाई क्रमश: कार्यान्वयन गर्दै लगिने छ ।
- मुद्रा विप्रेषण कार्यक्रम सेवालाई निरन्तरता दिंदै अतिरिक्त अन्य मनि ट्रान्सफरहरुको सेवा थप गर्नुको साथै आन्तरिक मनि ट्रान्सफरको कार्यक्रमलाई अझै प्रभावकारी ढंगबाट सञ्चालन गरिने छ ।
- महिला जागरण उपसमितिद्वारा संचालित महिलाहरुको क्षमता विकास कार्यक्रम तथा स्वास्थ्य शिविर कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपमा संचालन गरिने छ ।
- युवा परिचालन उपसमितिद्वारा युवाहरुमा बढ्दै गईरहेको विकृति र विसंगतिलाई न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- संचालकहरु तथा कर्मचारीहरुको कार्य सम्पादनको स्व:मूल्यांकन गर्ने परिपाटीलाई निरन्तरता दिइने छ ।
- सदस्यहरुलाई (Right to Information) सूचनाको हकको पहुँच पुऱ्याउन संस्थाको वेवसाईटलाई परिमार्जन गरिने छ ।
- स्थानिय नगरपालिका, जिल्ला सहकारी संघ, प्रदेश सहकारी संघ, नेफ्स्कून आदिको मध्यस्थतामा सहकारी एकीकरण अभियानलाई अगाडि बढाइने छ ।
- त्रैमासिक रुपमा वित्तिय व्याजदर अध्ययन गरी बचत तथा ऋणको प्रतिस्पर्धी व्याजदर कायम गरिनेछ ।
- संस्थाका न्यून आय भएका शेयर सदस्यहरुका छोराछोरीहरुलाई छात्रवृत्ति प्रदान कार्यलाई निरन्तरता दिनेछ ।
- प्रत्येक सेवाकेन्द्रहरुमा वार्षिक न्यूनतम ३ वटा पर्ने गरी ३६ वटा सदस्य शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिने छ ।
- सहकारी ऐन २०७४ बमोजिम संस्थाको विनियम, नीति तथा कार्यविधीलाई आवश्यकता अनुसार संशोधन गरी समय

सापेक्ष बनाईने छ ।

- गत व्यवसायीक योजनाको त्रैमासीक रुपमा समिक्षा गर्दै आगामी ४ वर्षको लागि व्यवसायीक योजना तयार गरिने छ ।
- वार्षिक न्यूनतम १०% शेयर सदस्यहरुको सर्वेक्षण गरिने छ ।
- महिला लघु उद्यमी सम्वन्धि तालिम संचालन गरिने छ ।
- मासिक रुपमा सेवाकेन्द्रहरुको अनुगमन गरिने छ ।
- संस्थामा कारोवार गर्न आउने हरेक सदस्यहरुलाई संस्थागत स्वागत एवम् हेरचाहको लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
- संस्थाको कार्यक्षेत्रभित्र साकोसको पहुँच नपुगेको ठाउँमा सदस्यता वृद्धि तथा लघुवित्त कार्यक्रम सञ्चालन गरिने छ । अभियान संचालन गरिनेछ ।
- सदस्यको मृत्यु भएमा निजका परिवारलाई क्रिया खर्च वापत (रु. २०,०००।-) प्रदान गर्ने पारिवारिक राहतकोषलाई निरन्तरता दिईने छ ।
- संस्थामा सदस्य बनि निस्कृय रहन गएका शेयर सदस्यहरुलाई सक्रिय सदस्यतामा रुपान्तरण गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- यसै आ.व. देखि हरेक सेवा केन्द्रहरुमा न्यूनतम १/१ जनाको हिसावले नयाँ जनशक्तिको विकास गराउन इन्टर्रनसिपको व्यवस्थालाई निरन्तरता दिईने छ ।
- संस्थाद्वारा संचालित किसान लघुवित्त कार्यक्रमलाई अझै प्रभावकारी ढंगबाट संचालन गरिने छ ।
- यसै आ.व. भित्र SCT Network संग आवद्ध भई ATM संचालन गरिने छ ।
- यसै आ.व.भित्र नेपालका उत्कृष्ट सहकारी संस्थाहरुको अध्ययन तथा अवलोकनको कार्यक्रम गरिने छ ।
- संस्थाका ७५ वर्ष उमेर पुगेका जेष्ठ शेयर सदस्यहरुलाई सम्मान गरिने छ ।
- यसै आ.व. देखी संस्थाका सम्पूर्ण शेयर सदस्यहरुको जन्म दिनको अवसरमा संस्थाको तर्फवाट शुभकामना प्रदान गर्ने कार्यक्रम क्रमश संचालन गरिने छ ।
- संस्थाका वाल सदस्यहरुलाई लक्षीत गरी ज्ञान मूलक, शिक्षा मूलक तथा प्रतियोगितात्मक कार्यक्रमको आयोजना गरिने छ ।
- जग्गाधनी महिला सदस्यहरूले उत्पादनमूलक क्षेत्रमा ऋण लगानी गरी उद्यम गर्न चाहेमा संस्थाबाट लगानी गरिने ऋणहरुमा लिइने नियमित व्याजदरमा ०.५ प्रतिशत छुट उपलब्ध गराइने छ ।
- समूहगत रुपमा ऋण लिई उद्यम गर्न चाहने सदस्यहरुलाई प्राथमिकता दिई उत्पादित वस्तुको संस्थाद्वारा बजारीकरणमा सहजिकरण गरिने छ ।
- सम्पूर्ण शेयर सदस्यहरुलाई लक्षीत गरी स्वास्थ्य विमा कार्यक्रम संचालन गरिने छ ।
- गणतन्त्र दिवसको उपलक्ष्यमा रक्तदान कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ऋण अशुलीलाई प्रभावकारी बनाउन ऋण अशुली कार्यदल गठन गरि संचालन गरिने छ ।
- सञ्चालकहरुको कार्य विभाजन गर्ने र स्व:मूल्यांकनको व्यवस्था गरी उत्कृष्ट संचालक छनौट गरिने छ ।
- संस्थाद्वारा गरिएको ऋण लगानी र सम्बन्धित व्यक्तिको सुरक्षाको लागि प्रभावकारी विमा कार्यक्रमको खोजी गरि लागू गरिने छ ।
**ज) कर्मचारी वोनश सम्वन्धि नीति :**

संस्थाले सहकारी कार्यालयबाट स्विकृत प्राप्त आफ्नो विनियम २०५६ बमोजिम बाँडफाँड योग्य नाफाको १० प्रतिशत ले कर्मचारी वोनस कोषको व्यवस्था गरेको छ र सोही कोषवाट कर्मचारी वोनस वाँड्ने नीति लिएको छ ।

**३. लेखा सम्वन्धि टिप्पणीहरु :**

१. संस्थाले एकिकरण सम्झौतामा भए अनुरुप श्री नवअरुण वहुउद्देश्यीय सहकारी संस्था लि., पूर्णिमा कृषी सहकारी संस्था लि., तिनचुली बहुउद्देश्यीय सहकारी संस्था लि., माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि., नव जनभावना बहुउद्देश्यीय सहकारी संस्था लि. र श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. को वासलातमा देखिएको कोषहरुलाई साधारण जगेडा कोषमा स्थानान्तरण गर्ने निर्णय गरेको छ ।

२. गत वर्ष एकिकरण गरिएका संस्थाहरुको जगेडाकोषको रु. १३,३०,०७९।९४ भवन निर्माणकोषमा गएको हुँदा सो रकमलाई यस वर्षको जगेडा कोषमा मिलान गरिएको ।

३. संस्थाले गत वर्षको बाँकी संरक्षित पूँजी कोष, कर्मचारी वोनश कोष र सहकारी शिक्षा कोषको क्रमश रु. १९.५१/-, ३३,७६९.५१/- र ६,४०,११७.७६/- लाई साधारण जगेडा कोषमा स्थानान्तरण गर्ने निर्णय गरेको छ ।

४. संस्थाको गत वर्ष कर्जा लगानी रु. ५९,४६,५६,३०४/- रहेको र यस वर्ष रु. १९,२३,८१,७९५ /- ले वृद्धि भई यस आ.व.को अन्त्यमा संस्थाको कर्जा लगानी रु. ७८,७०,३८,०९९/-रहेको छ ।

५. संस्थाको गतवर्ष निक्षेप हिसाब रु ६०,१५,९६,४३०.२२/- रहेको र यस वर्ष रु.१५,८६,२८,७४७.८७/- ले वृद्धि भई यस आ.व.को अन्तमा संस्थाको निक्षेप हिसाव रु. ७६,०२,२५,१७८/- रहेको छ ।

६. सहकारी संस्थाको कर्जा तर्फ औषत भारित व्याजदर १४.०१ र निक्षेप तर्फ औसत भारित व्याजदर ७.६८ कायम भई औषत व्याजदरको अन्तर (स्प्रेड दर) ६.३३ रहेको छ ।

७. संस्थाको यस आ.व.को अन्त्य सम्ममा सापटी हिसाब निम्न प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | यूवा स्वरोजगार कोष | ९१,५०,०००/- |
| २ | फर्स्ट माइकोफाइनान्स लघुवित्त बैक | १,८५,९२,०६४/- |
| ३ | नेफस्कुन | ३,६१,०१,०००/- |
| | जम्मा | ६,३८,४३,०६४/- |

८. आ.व. २०७४/०७५ मा संस्थाले खुद नाफा रु २,००,५२,१३९.४७ आर्जन गरेकोमा २५%साधारण जगेडा कोषमा सारी बाँकी रकमलाई संस्थाको विनियम बमोजिम निम्न कोषहरुमा देहायको प्रतिशत बमोजिम बाँडाफाँड गरीएको छ ।

| | |
|---|---|
| शेयर लाभांश कोष | ५०% |
| संरक्षित पूँजी कोष | १० % |
| कर्मचारी वोनश कोष | १० % |
| घाटापूर्ति कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |

| | |
|---|---|
| डुवन्त ऋण कोष | ५ % |
| संस्था विकास कोष | ५ % |
| कर्मचारी उपदान कोष | १० % |
| **जम्मा** | **१०० %** |

९. आयकर अनुसार नै ह्रासकट्टी गरिएकोले स्थगन कर जगेडा रहेको छैन ।

१०. सबै रकमहरु नेपाली रुपैयामा राखिएका छन् ।

११. संस्थाले कर्जा वितरण गर्दा लिने १ % सेवा शुल्कलाई आम्दानी नजनाई सिधै भवन निर्माण कोषको रुपमा लेखांकन गर्ने गरेको छ तर उक्त कोषको बारेमा विनियम २०५६ मा उल्लेख गरिएको छैन ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| (नवराज सापकोटा) | (कृष्ण प्रसाद ज्ञवाली) | (चिन्तामणी कँडेल) | (श्रीहरी चालिसे) | सि.ए. निरज सापकोटा |
| प्र.का.अधिकृत | कोषाध्यक्ष | लेखा संयोजक | अध्यक्ष | निरज सापकोटा एण्ड एसोसिएट्स |
| | | | | चार्टर्ड एकाउन्टेण्ट |

शेयर सदस्य महानुभावहरू, यस लेखापरीक्षण प्रतिवेदनबाट संस्थाले अनुमान गरे भन्दा बढी उपलब्धि हाँसिल गरेको देखिन्छ। यो संस्थाको शुभ लक्षण हो, यसमा ञसंस्थाको संचालक समिति, लेखासमिति, सल्लाहकार समिति, अन्य उपसमितिहरू, कर्मचारीहरूको कुशल संचालन र सम्पूर्ण सदस्यहरूको संस्थाप्रतिको सद्भाव र इमान्दारिताले गर्दा यो सफलता हाँसील भएको हो। त्यो सद्भाव र इमान्दारीता भोलीका दिनहरूमा पनि यथावत् रहेमा यो संस्था सबैको सामु नमूनायोग्य रहिरहने छ। यिनै कुराहरूलाई दृष्टिगत गरी आगामी वर्ष २०७३/०७४ को प्रस्तावित लक्ष्य तथा बजेट, आय विवरण र प्रस्तावित वासलात विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्रस्तावित लक्ष्य तथा बजेट तयार पार्दा विगत वर्षहरूको प्रगति समीक्षा, शेयर सदस्यहरूको आवश्यकता, माग र चाहना, प्रतिस्पर्धी बजार, सहयोगी निकायबाट उपलब्ध हुन सक्ने सहयोगको आधार, शेयर सदस्यता वृद्धि, सेवा केन्द्रको विस्तार आदि कुराहरूलाई आधार मानिएको छ।

**लक्ष्यः**

यस आ.व.०७५/०७६ को अन्तसम्ममा संस्थाले राखेको लक्ष्य निम्न अनुसार रहेको छ।

- शेयर पूँजीतर्फ रू. १०,८२,७३,२००.०० बाट बढाइ रू १५,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ।
- ऋण लगानीतर्फ रू. ७८,७०,३८,०९९.०० बाट बढाइ रु. १,१८,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ।
- बचत संकलनतर्फ रू. ७६,०२,२५,१७८.०९ बाट बढाइ रु. १,१०,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ।
- ऋण असुलीबाट व्याज तथा अन्य आम्दानी रू १६,००,००,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ भने खर्चतर्फ यस आ.व.को अन्त सम्ममा रू ११,९४,२५,०००.०० मा सिमित गरी आ.व. २०७५/०७६ को शुद्ध मुनाफा रू. ४,०५,७५,०००.०० पुऱ्याउने लक्ष्य रहेको छ

अध्यक्ष महोदय,

अब म ०७५/०७६ को प्रस्तावित लक्ष्य तथा बजेट, आय विवरण र प्रस्तावित वासलात विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आ.व. ०७४/०७५ को वित्तीय प्रगति तथा आ.व. ०७५/०७६ को प्रस्तावित लक्ष्य तथा बजेट**

**क) आय**

| विवरण | अनुमानित (आ.व. ०७४/०७५) | वास्तविक (आ.व. ०७४/०७५) | प्रतिशत | प्रस्तावित (आ.व. ०७५/०७६) |
|---|---|---|---|---|
| ऋण लगानीबाट ब्याज आम्दानी | १२०००००० | ९६६८३६८४।७ | ८१ | १४५०००००० |
| लगानीबाट आम्दानी | ७५००००० | ८२६५४७०।१७ | ११० | १०००००००० |
| अन्य आम्दानी | २०००००० | ३१४६४७६।३४ | १५७ | ५०००००० |
| जम्मा | १२९५००००० | १०८०९५६३१।२१ | ८३ | १६००००००० |

ख) व्यय

| विवरण | अनुमानित (आ.व. ०७४/०७५) | वास्तविक (आ.व. ०७४/०७५) | प्रतिशत | प्रस्तावित (आ.व. ०७५/०७६) |
|---|---|---|---|---|
| **कर्मचारी खर्च** | | | | |
| कर्मचारी तलब भत्ता | १२८२५००० | १३०९०३२६ | १०२।०७ | २०००००००० |
| कर्मचारी तालिम खर्च | ० | १०९५१५ | ०।०० | १७५००० |
| कर्मचारी पोषाक | २००००० | २४१५४४ | १२०।७७ | २५०००० |
| **व्याज खर्च** | | | | |
| बचत व्याज खर्च | ५२७०००००० | ४४५५०१२३।५ | ८४।५४ | ६०००००००० |
| ऋणमा व्याज खर्च | ५०००००० | ७७६१०३१।४१ | १५५।२२ | १५०००००० |
| **शुसासन खर्च** | | | | |
| वार्षिक साधारण सभा | १३००००० | १६८५७९८ | १२९।६८ | १०००००० |
| बैठक खर्च | ९००००० | ७४३३८० | ८२।६० | ११००००० |
| वार्षिक दिवस | २००००० | ३१०८६३ | १५५।४३ | ५०००० |
| एक्सेस अडिट  तथा रिभ्यू | २५०००० | १२८१३४ | ५१।२५ | २५०००० |
| **सुविधा खर्च** | | | | |
| घरभाडा | १५००००० | १५८२४९५ | १०५।५० | १९२५००० |
| विद्युत तथा पानी | १२५००० | १९१६१४ | १५३।२९ | ४२५००० |
| टेलिफोन खर्च | १७५००० | २०६९३५ | ११८।२५ | २५०००० |
| मर्मत तथा संहार खर्च | ३५०००० | ४७४२४२ | १३५।५० | ७००००० |
| सरसफाई खर्च | ५०००० | ३३५८२ | ६७।१६ | ७५००० |
| यातायात तथा सहभागिता खर्च | २५०००० | ४०७८३३ | १६३।१३ | ५००००० |
| कार्यालय मसलन्द | ३५०००० | ३५६९५९।४ | १०१।९९ | ५००००० |
| किचन खर्च | ५०००० | १८७५० | ३७।५० | ५०००० |
| **विमा खर्च** | | | | |
| कर्मचारी दुर्घटना | ८०००० | ० | ०।०० | ७५००० |
| नगद (सेफ) | १००००० | ५११६८ | ५१।१७ | १००००० |
| सवारी साधन | ६०००० | ४३२५० | ७२।०८ | ५०००० |
| **व्यवसायिक प्रवर्द्धन खर्च** | | | | |
| छपाई तथा प्रकाशन | ८००००० | ७०७२५८।४ | ८८।४१ | १०००००० |
| व्यवसायीक प्रवर्द्धन | ३००००० | १६४८२९।१ | ५४।९४ | ३००००० |
| शुभकामना तथा विज्ञापन | १२५००० | ९२४९५ | ७४।०० | १२५००० |

| विवरण | अनुमानित (आ.व. ०७४/०७५) | वास्तविक (आ.व. ०७४/०७५) | प्रतिशत | प्रस्तावित (आ.व. ०७५/०७६) |
|---|---|---|---|---|
| सेवाकेन्द्र र नयाँ भवन उद्घाटन | ३००००० | ५८४९०४ | १९४।९७ | २००००० |
| अवलोकन तथा भ्रमण खर्च | २५०००० | २६३०९६।५ | १०५।२४ | ४००००० |
| तालिम खर्च तथा शिविर | २००००० | १७५७३८ | ८७।८७ | २००००० |
| एकिकरण खर्च | १००००० | ११३९८५ | ११३।९९ | १००००० |
| व्यवसायीक योजना निर्माण खर्च | ५०००० | ० | ०।०० | २५०००० |
| स्वास्थ्य शिविर | १००००० | ० | ०।०० | १००००० |
| **ऋण व्यवस्थापन खर्च** | | | | |
| अनुगमन तथा निरिक्षण | २५००० | १६०१५ | ६४।०६ | ५०००० |
| ऋण ताकेता/अशुली | १००००० | ५५०३६ | ५५।०४ | १००००० |
| धितो मूल्यांकन खर्च | २५००० | ० | ०।०० | २५००० |
| **सूचना तथा प्रविधी खर्च** | | | | |
| इन्ट्रानेट र इन्टरनेट | ४००००० | १६७९०३ | ४१।९८ | ४५०००० |
| सफ्टवेयर खर्च | २२०००० | ३००५८० | १३६।६३ | ३५०००० |
| एस एम एस खर्च | १००००० | ६७८०० | ६७।८० | १००००० |
| सि.सि. क्यामरा मर्मत | ५०००० | ० | ०।०० | २५००० |
| **कार्यक्रम खर्च** | | | | |
| दिपावली, दशै, तीज  नववर्ष, विश्वकर्मा, सहकारी आदी | १००००० | २८४४९ | २८।४५ | ५०००० |
| **अन्य संचालन खर्च** | | | | |
| इन्धन खर्च | २५०००० | २६७२६० | १०६।९० | ३००००० |
| कार्यालय चिया तथा आतिथ्यता | २५०००० | ३२२३३३ | १२८।९३ | ३००००० |
| सहानुभुती खर्च | ७०००० | १७०४५ | २४।३५ | ५०००० |
| नविकरण तथा आवद्धता | १५०००० | २०३५२५ | १३५।६८ | २५०००० |
| सेवाशुल्क वाहृय ऋण | ४००००० | ३८४५४० | ९६।१४ | १५००००० |
| कार्यालय सामाग्री | २००००० | १८२३२३ | ९१।१६ | २००००० |
| विविध खर्च | १००००० | ६३३६७२ | ६३।३७ | ५०००० |
| **लेखापरिक्षण खर्च** | | | | |
| आन्तरिक लेखापरिक्षण खर्च | २००००० | १६१६५० | ८०।८३ | २००००० |
| वाहृय लेखापरिक्षण खर्च | १००००० | ७०००० | ७०।०० | १००००० |
| खाजा खर्च | ५०००० | ३९१६५ | ७८।३३ | २५००० |

| विवरण | अनुमानित (आ.व. ०७४/०७५) | वास्तविक (आ.व. ०७४/०७५) | प्रतिशत | प्रस्तावित (आ.व. ०७५/०७६) |
|---|---|---|---|---|
| जोखीम कोष | | | | |
| डुवन्त ऋण कोष खर्च | ५000000 | १४१०४९७४३ | २८।२१ | ५000000 |
| ह्रास कट्टी खर्च | | | | |
| सम्पत्ती समानमा ह्रास खर्च | ३000000 | ३०६६१०३।६९ | १०२।२० | ३000000 |
| कर खर्च | | | | |
| कर | ३00000 | 0 | 0।00 | 0 |
| कुल खर्च | ८९७८0000 | ८०९१३४४१।६३ | ९०।१२ | ११७२७५000 |
| आयकर अघिको नाफा | ३९७२0000 | २७१८२१८९।५८ | ६८।४३ | ४२७२५000 |
| आय कर | ९१७८000 | ७१३००५०।११ | ७७।६९ | २१५0000 |
| शुद्ध बचत | ३०५४२000 | २००५२१३९।४७ | ६५।६५ | ४०५७५000 |
| जम्मा | १२९५00000 | १०८०९५६३१।२१ | ८३।४७ | १६0000000 |

ग) पूँजी तथा दायित्व

| विवरण | अनुमानित (आ.व. ०७४/०७५) | वास्तविक (आ.व. ०७४/०७५) | प्रतिशत | प्रस्तावित (आ.व. ०७५/०७६) |
|---|---|---|---|---|
| शेयर पँजी | १३५000000 | १०८२७३२००।०० | ८०।२० | १५0000000 |
| जगेडा कोष | ३७५00000 | ३७२१६०३३।१८ | ९९।२४ | ५0000000 |
| अन्य कोषहरु | ६५000000 | ४२५१५३७२।६१ | ६५।४१ | ६५000000 |
| बचत हिसाब | १०१२५00000 | ७६०२२५१७८।०९ | ७५।०८ | ११00000000 |
| बाह्य ऋण | ६७५00000 | ६३८४३०६४।०० | ९४।५८ | १२0000000 |
| व्यवस्था | २५000000 | १४१६०६५९।८२ | ५६।६४ | १२000000 |
| अन्य दायित्व | ७५00000 | २३८८६४८।८५ | ३१।८५ | ३000000 |
| जम्मा | १३५0000000 | १०२८६२२१५६।५५ | ७६।१९ | १५00000000 |

**घ) सम्पत्ति तथा जायदात**

| विवरण | अनुमानित (आ.व. ०७४/०७५) | वास्तविक (आ.व. ०७४/०७५) | प्रतिशत | प्रस्तावित (आ.व. ०७५/०७६) |
|---|---|---|---|---|
| अन्तिम मौज्दात | ५००००० | ७२८१८७२ | १४५।६४ | १०००००० |
| नगद मौज्दात | ७०००००० | ४१०००५१।२२ | ५८।५७ | ८०००००० |
| बैंक मौज्दात | २२२५००००० | १७९३८००४१।६३ | ८०।६२ | २४७५००००० |
| लगानी हिसाब | २०००००० | १८२५३००।०० | ९१।२७ | ४०००००० |
| ऋण लगानी हिसाब | १०७५५०००००० | ७८७०३८०९९।०० | ७३।१८ | ११८००००००० |
| पाउनु पर्ने हिसाब | २५००००० | १०१२६९२३।३० | ४०५।०८ | १२५००००० |
| स्थिर सम्पत्ती | ४०००००० | ४५४२३५५४।२० | ११३।५६ | ४७०००००० |
| जम्मा | १३५००००००० | १०२८६२२१५६।५५ | ७६।१९ | १५००००००००० |

यसरी आ.व. २०७५/०७६ को अन्तसम्ममा संस्थाको कूल सम्पत्ति रू. १,५०,००,००,००० पुग्ने अनुमान गरिएको छ भने गत वर्षको तुलनामा करीब ४६% ले कूल सम्पत्तिमा बृद्धि हुने अनुमान गरीएको छ ।

अन्तमा यस संस्थालाई दरिलो र नमूनाको रूपमा देखाउन चाहने शेयर सदस्य, शुभचिन्तक जनसमुदाय, बुद्धिजीवी, विभिन्न संघ/संस्था, जिल्ला सहकारी संघ, नवलपरासी जिल्ला बचत तथा ऋण सहकारी संघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ आदिबाट यस संस्थालाई प्राप्त सद्भाव र सहयोगको लागि आभारसहित धन्यवाद ज्ञापन गर्दै आगामी कार्यक्रमको लागि अझ बढी सहयोगको अपेक्षा राख्दै बिदा हुन चाहन्छु ।

**धन्यवाद ! जय किसान ! जय सहकारी !**

# लेखा तथा सुपरीवेक्षण समितिको प्रतिवेदन



**चिन्तामणि कँडेल**
**प्रस्तुतकर्ता**

यस किसान बचत तथा ऋण सहकारी संस्था लि.को २३ औ साधारण सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सञ्चालक समिति एंव विभिन्न उप समितिका पदाधिकारीज्यूहरु र क्षेत्रगत रुपवाट प्रतिनिधित्व गर्ने शेयर सदस्यज्यूहरु, संचारकर्मी र कर्मचारी साथीहरु ।

आदरणीय शेयर सदस्यहरु हामीलाई करिब २ वर्ष अगाडी तपाईहरुले संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गराउनको लागि यस समितिलाई प्राप्त जिम्मेवारी र दायित्व बोधका आधारमा सहकारी ऐन, नियमावाली एंव संस्थाको विनियम, सहकारी विभाग द्वारा जारी भएको मापदण्ड बमोजिम आफ्नो ज्ञान, सिप, बुद्धि, विवेक र अनुसरण, सञ्चालक समितिको निर्णय तथा ऋण उपसमितिको ऋण लगानी गर्ने प्रकृया तथा ऋणको फाईल जस्ता क्षेत्रको अध्ययन गरी राय सुझाव दिदै आएको कुरा यस गरिमामय साधारण सभा समक्ष जानकारी गराउन चाहन्छु ।

कुनै पनि संस्थामा आर्थिक पारदर्शीता नभएमा वित्तिय संस्थाको भविष्य अनिश्चित हुने भएकाले यस सवालमा लेखा समिति सजग र सचेत रहेको व्यहोरा जानकारी गराउँदछु । संस्थाको तर्फवाट प्रस्तुत प्रतिवेदनहरुले संस्थाको आर्थिक गतिविधि प्रस्ट भईसकेको हुदा पुनः दोहोराउन चाहन्न । लेखा समितिको वार्षिक प्रतिवेदन यस सम्मानित साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छौ ।

१) यस किसान बचत तथा ऋण सहकारी संस्था लि.को २२ औ साधारण सभा पश्चात्प सञ्चालक समितिको बैठक १३ पटक बसेको र उक्त साधारण सभा पारित भएका निर्णयहरु हाल सम्म आई पुग्दा कार्यान्वयन भएको देखिन्छ ।

२) संस्थाको विस्तार हुदै गएको कारोवार र ऋण लगाएतका क्षेत्रहरुलाई अझ बढि सुरक्षीत र प्रभावकारी बनाउनको लागि संस्थाले अवलम्बन गरेका सुचकहरु जस्तै 5C लगाएतका कुराहरुलाई कडाईका साथ लागु गर्नु पर्ने देखिन्छ ।

३) संस्थाको ऐन तथा निति बनाउने तहमा हुनु भएका सम्पूर्ण निकायहरु जस्तै नेपाल सरकार, सहकारी विभागवाट ऐन तथा निर्देशनहरु पालना भएको देखिन्छ ।

४) २२ औ साधारण सभा देखि लिएर आज सम्म आई पुग्दा संस्थाले गरेका काम र प्रगतिहरु देख्दा संस्थाको अध्यक्ष, सञ्चालक समित, उपसमिति, प्रमुख कार्यकारी अधिकृत र कर्मचारीहरु समेत निस्ठावान् र ईमान्दार भएर काम गरेको देखिन्छ ।

५) लेखा समितिले दिएका सुझावहरु पालना भएको देखिन्छ ।

६) संस्थाको व्यापार विस्तार गर्ने हेतुले संस्थामा गठित उपसमितिहरु लाई शिक्षा शिविरहरु र क्रियाकलाप गरे वापत प्रशिक्षकलाई भत्ताको व्यवस्था गरेको देखिन्छ ।

७) संस्थाले शेयर सदस्यहरुमाझ सहकारी शिक्षा र वित्तिय साक्षरताका कार्यक्रमहरु अझै बढाउनुर्पे देखिन्छ ।

८) विभिन्न उपसमितिहरुले गरेका अतिरिक्त क्रियाकलाप सम्पन्न भई सकेपछि संचारहरुमा अझै पनि प्राप्त आउने गरेको देखिदैन । यसलाई सुधार गर्नु पर्ने देखिन्छ ।

९) संस्थाले शेयर, बचत तथा ऋणको मात्र कारोवारमा सिमित नरही अव आफ्ना शेयर सदस्यहरुलाई रोजगार बनाउने खालका कार्यक्रमहरु ल्याउने पर्ने देखिन्छ ।

१०) संस्थाले आगामी दिनमा ठुलो परिमाण बचत तथा शेयर एकै व्याक्ति संग मात्र लिदा संस्था जोखीममा पर्न सक्नेहुदा धेरै सदस्यहरुलाई शेयर तथा सबै खालका बचतमा संलग्न गराउदा राम्रो हुने देखिन्छ ।

११) हरेक सेवाकेन्द्रहरुमा सदस्यहरुको सुविदाकोलागि सुझाव पुस्तिका अनिवार्य गर्नुपर्ने र उक्त पुस्तिका काउन्टरको अगाडी भागमा सवैले देख्ने गरि राख्नु पर्ने र हरेक महिनाको नियमित बैठकमा केन्द्रीय कार्यालयमा पेश गरि उक्त सदस्यहरुको महत्वपूर्ण सुझाव उपर छलफल गर्नु पर्ने ।

१२) सम्पूर्ण सेवाकेन्द्रहरुमा File Keeping तथा Stasnary Keeping System साथै अन्य सम्पूर्ण सामाग्रीहरुको Display गर्ने तरिका तथा सरसफाईमा अझै सुधार गर्नु ल्याउनु पर्ने देखिन्छ ।

१३) कर्मचारी प्रशासन सम्वन्धि व्यवस्था सम्बन्धमा :

- साधारण सभाबाट कर्मचारी प्रशासन नियमावलीमा भएको ।
- कर्मचारी प्रशासनमा नियमावली प्रयोगमा ल्याईएको ।
- भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको ।
- व्यवस्थापन प्रमुखको योग्यता र क्षमतायूक्त सहकारीलाई चलाउन योग्य रहेको ।
- कर्मचारीको भर्ना प्रकृया स्थाई र करार समेत रहेको ।
- कर्मचारीको कार्यसम्पादन, मुल्यांकनको आधारमा बढुवा तथा पुरस्कृत समेत गर्ने गरिएको ।
- कार्यरत कर्मचारी र कार्यबोझ बिच तादम्यता रहेको ।

१४) लेखा समितिले दिएको सुझाव अनुसार संस्थामा पारिश्रमीक सहितको आन्तरीक लेखा परीक्षक नियुक्ती गरीएको देखिन्छ ।

१५) किसान बचतले आफ्ना शेयर सदस्यहरुलाई आफुले गरेको क्रियाकलाप र संस्थाको गतिविधिको बारेमा त्रैमासिक रुपमा आफ्नो बुलेटिन किसान समाचार प्रकाशित गर्नुपर्ने देखिन्छ ।

१६) संस्थाका शेयर सदस्यहरुलाई विभिन्न व्यवसायिक तालिमहरुको आयोजना गरी उनिहरुलाई व्यवसाय गर्नको लागी प्रेरित गर्नुपर्ने देखिन्छ ।

१७) संस्थाले प्राप्त गर्दै आएको ACCESS ब्रान्डलाई समेत अबका दिनहरुमा स्तरीकरण गर्नुपर्ने देखिन्छ ।

अन्तमा हामीलाई यस संस्थाको लेखा तथा सुपरीवेक्षण समिति जस्ता अति जिम्मेवारी र महत्वपुर्ण समितिमा निर्विरोध निर्वाचित गरी हाम्रो क्षमता ज्ञान, सिप ,बुद्धि विवेकले भ्याएसम्म आन्तरीक परीक्षण गर्दा संस्थामा संलग्न समिति एवं कर्मचारीहरुको कहिकतै संस्थाको हित प्रतिकुल हुने गरी कुनै दायित्वबोधहरु नगरेको जानकारी गराउँदै यस संस्थालाई यस सफल अवस्थासम्म ल्याउनमा मेहनतका साथ लागि पर्ने संचालक समिति, विभिन्न उपसमितिहरु, कर्मचारीहरु, शेयर सदस्यहरु एवं सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

जय सहकारी । जय किसान ।

# ऋण उपसमितिको प्रतिवेदन



**गोपाल प्रसाद गौतम**
**प्रस्तुतकर्ता**

२३ औ साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु सम्पूर्ण शेयर सदस्य महानुभावहरु, पत्रकार मित्रहरु, अन्य संस्थाका शुभचिन्तकज्यूहरु, लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उपसमितिहरु, सेवाकेन्द स्तरिय समितिहरु, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी मित्रहरु । २०५२ साल देखिको अनवरत यात्राले आज यस स्थानमा आई पुगेका छौ । आज यो अवस्थामा ल्याउन अहोरात्र खट्ने सम्पूर्ण महानुभावहरुलाई नमन गर्दछौ ।

किसान शुद्ध बचत तथा ऋणको कारोवार गर्ने र सँगसँगै सामाजिक दायित्व पनि निर्वाह गर्ने संस्था हो । सदस्यहरुको बचतलाई ठिक ठाँउमा र ठिक काममा  लगानी गरि सदस्यहरुको आय स्तरमा वृद्धि गर्ने एंव संस्थाहरुलाई संस्थागत बनाउने दायित्व समेत यस उप समितिमा रहेको छ ।

व्यवस्थित लगानीले सदस्यहरुलाई आत्मनिर्भर र संस्थालाई दिगो बनाउँछ । हामी केवल सदस्यहरुलाई ऋण बनाउन चाहन्नौ । मालिक बनेको हेर्न चाहन्छौ यसका लागि संस्था सदस्य मैत्री बन्न जरुरी छ । वित्तिय क्षेत्रमा हरेक निकाय संग प्रतिस्पर्धा गर्नु पर्ने यो अवस्थामा लगानीका क्षेत्र पहिचान गर्नु पनि यो उप समितिको दायित्व हो । साथै विभिन्न वित्तिय संस्थाको जस्तो झन्झटिलो प्रक्रियालाई सुलिकृत गर्ने र सदस्यहरुलाई बढि भन्दा बढि सेवा दिई अपनत्वको पनि महसुस गराउन सक्नु पर्दछ । सदस्यको सन्तुष्टि हाम्रो प्राथमिकतामा पर्नु पर्दछ । प्रचारमा मात्र होईन काममा प्रतिस्पर्धा गर्ने हाम्रो ध्यय रहने छ ।

लगातार चौथो पटक ACCESS BRAND प्राप्त गर्न सफल हुनमा हाम्रा ऋण सदस्यहरुको पनि महत्वपूर्ण योग्दान रहेको छ । यदि उपयूक्त लगानी उपयूक्त काम नभएको भए यो अवस्थामा आउन संस्था कदापी सक्दन थियो । तसर्थ ऋणको ऋणको सदुपयोग गरि समयमा किस्ता भुक्तानी गर्ने सवै सदस्यज्यूहरुलाई हार्दिक आभार व्यक्त गर्दछौ । सवै सेवा केन्द्र स्थरीय समितिहरुलाई पनि आ-आफ्नो सेवा केन्द्र अन्तरगत अत्यन्तै उपलब्धी मुलक कार्य लगानी गरी समयमा असुलि गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौ ।

२०७४ श्रावण देखी अषाढ मसान्त सम्म विभिन्न सेवाकेन्द्रहरु वाट भएको ऋण लगानी र असुली निम्नानुसार रहेको छ ।

तपसिल :

| क्र. स. | केन्द्र/सेवाकेन्द्रहरु | लगानी | असुली |
|---|---|---|---|
| १ | केन्द्र | २५०२८४५०० | २३९७६४४६५ |
| २ | हिमचुली | ६८६७६००० | ५७२७८५२६ |

| | | | |
|---|---|---|---|
| ३ | मुकुन्दपुर | ९५५00000 | ९५४६६३७४ |
| ४ | अमरापुरी | ९४६७५000 | १००००१३२७ |
| ५ | जनमुखी | ७७१५६000 | ७२९९५६१३ |
| ६ | पञ्चदृष्टि | ७१२०६000 | ५५२८४२१६ |
| ७ | कावासोती | ६७७९५000 | ५७२८७३०० |
| ८ | संवृद्धि | ६१२९५000 | ५८२२५६८५ |
| ९ | कुनाको | ९४६२२८०९ | ८४१९६०९० |
| १० | पञ्चवटी | ७७०५२२९० | ६४१४३३९३ |
| ११ | आरुङ्गखोला | १५९३००६४ | ९८५८४२ |
| १२ | दुम्कीवास | ३६०९८२८१ | ५७९४५६० |

२०७५ श्रावण देखी आश्विन १५ सम्म विभिन्न सेवाकेन्द्रहरु वाट भएको ऋण लगानी र असुली निम्नानुसार रहेको छ ।

तपसिल :

| क्र. स. | केन्द्र/सेवाकेन्द्रहरु | लगानी | असुली |
|---|---|---|---|
| १ | केन्द्र | ३१०२५000 | ३७६९२१५३ |
| २ | हिमचुली | २३०३0000 | १३९९१०२८० |
| ३ | मुकुन्दपुर | २४१६५000 | १५४८६०८२ |
| ४ | अमरापुरी | १३०३0000 | १०५२२९८३ |
| ५ | जनमुखी | १८४६0000 | २८२४९९५८ |
| ६ | पञ्चदृष्टि | २५३४0000 | ११४५७३२६ |
| ७ | कावासोती | १००४0000 | ६२५७५८१ |
| ८ | संवृद्धि | ५४४0000 | ४८११८३४१ |
| ९ | कुनाको | १०९७000 | ३४१३६०२४ |
| १० | पञ्चवटी | २२६१0000 | २९५६७०६१ |
| ११ | आरुङ्गखोला | २८५३८000 | २२८४७८१ |
| १२ | दुम्कीवास | २१६१५000 | २४९८७२१२ |

सभापति महोदय,

यसरी आगामी दिनमा अझै व्यवस्थित लगानी र असुली कार्यमा प्रतिवद्ध रहने प्रण गर्दै प्रतिवेदनको अन्त्य गर्दछौं ।

जय किसान ।

जय सहकारी ।

# शिक्षा उपसमितिको प्रतिवेदन



**तिलकप्रसाद पराजुली**
**प्रस्तुतकर्ता**

यस गरिमामय २३ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिजिज्यूहरु, संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति, सबै सेवा केन्द्र व्यवस्थापन समितिहरुका पदाधिकारीज्यूहरु, शेयर सदस्यज्यूहरु, व्यवस्थापक एवं कर्मचारी तथा पत्रकार मित्रहरु ।

२१ औं वार्षिक साधारण सभाबाट निर्वाचित संचालक समितिले हामीलाई शिक्षा उपसमितिमा मनोनयन गरी दिएको जिम्मेवारीप्रति हामी पूर्ण सचेत छौं । साधारण सभाले पारित गरेको नीति तथा कार्यक्रमको परिधिभित्र बसेर सदस्यहरुको तहसम्म संस्थाका गतिविधिहरु पुऱ्याउनु, निरन्तर सदस्य शिक्षा एवं तालिम संचालन गर्नु अभिमुखीकरण प्रदान गर्नु हाम्रो कर्तव्य हुन आउँछ । गत साधारण सभादेखी निम्न अनुसारको कार्यक्रमहरु संचालन गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

| क्र.सं. | कार्यक्रम | मिति | समावेश गरिएका सेवा केन्द्रहरु | उपस्थिति |
|---|---|---|---|---|
| १ | वित्तिय साक्षरता तालिम | २०७४/१२/२१ | कुनाको सेवा केन्द्र | ५२ जना |
| २ | वित्तिय साक्षरता तालिम | २०७४/१२/२३ | समृद्धि सेवा केन्द्र | ६० जना |
| ३ | वित्तिय साक्षरता तालिम | २०७४/१२/२५ | कावासोती सेवा केन्द्र | ९२ जना |
| ४ | वित्तिय साक्षरता तालिम | २०७५/०१/२१ | जनमुखी सेवा केन्द्र | १२८ जना |
| ५ | वित्तिय साक्षरता तालिम | २०७५/०४/०६ | आरुङ्गखोला सेवा केन्द्र | ११७ जना |
| ६ | वित्तिय साक्षरता तालिम | २०७५/०४/२५ | मुकुन्दपुर सेवा केन्द्र | १६० जना |
| ७ | वित्तिय साक्षरता तालिम | २०७५/०५/१२ | अमरापुरी सेवा केन्द्र | १२० जना |

शेयर सदस्यज्यूहरु,

संस्थाको प्रगति संस्थागत प्रतिवेदनले प्रष्ट पारिसकेको छ । सबै सेवा केन्द्रहरुबाट चुस्त, तन्दुरुस्तताका साथ छिटो छरितो सेवा दिनु, सदस्यको तहसम्म पुगेर हरेक क्रियाकलापहरुसँग जोडिनु, धेरै भन्दा धेरै सदस्यहरुलाई व्यवसायिक बनाउनु, राष्ट्रिय, अन्तर्राष्ट्रिय तहबाट प्राप्त छवी जोगाइ राख्नु र साख बढाउनु जस्ता कुराहरु संस्थाका महत्वपूर्ण सुचकहरु हुन्छन् । यी सुचकहरु पूरा गर्न संस्थाको नीति तथा कार्यक्रमको परिधिभित्र रहेर शिक्षा उपसमितिले आ.व. २०७५।०७६ मा निम्न

कार्यक्रमहरु संचालन गर्ने कुरा जानकारी गराउन चाहन्छु ।

१. सेवा केन्द्रस्तरीय सदस्य अभिमुखीकरण कार्यक्रमहरु हरेक सेवा केन्द्रमा न्यूनतम ५ वटा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

२. हरेक सेवा केन्द्रमा न्यूनतम ३ वटा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।

३. सेवा केन्द्रस्तरीय हाजिरी जवाफ कार्यक्रम सञ्चालन गर्ने ।

४. "किसानसँग मिडिया" अन्तर्गत रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल र पत्रपत्रिकाको प्रयोग गर्ने ।

५. सरोकारवाला संघसंस्थाहरुसँग समन्वयात्मक कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. नीति तथा कार्यक्रमभित्र परेका र संचालक समितिले तोकिदिएका सबै कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. कार्यक्षेत्रभित्रका विद्यालयहरुमा विद्यार्थी बचत क्लब (Student Serving Club) गठन गरी वित्तीय साक्षरता प्रदान गरिनेछ ।

अन्त्यमा शिक्षा उपसमितिलाई मार्गनिर्देश गर्ने संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, सहयोग गर्ने सेवा केन्द्र, व्यवस्थापन समिति, विभिन्न उपसमितिहरु, व्यवस्थापक, कर्मचारीहरु तथा शेयर सदस्यज्यूहरुप्रति आभार व्यक्त गर्न र धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनहरुमा पनि निरन्तर सहयोग र सक्रिय सहभागिता एवं रचनात्मक सुझावको अपेक्षा गर्दै यो प्रतिवेदन अन्त्य गर्न चाहन्छु ।

जय किसान ! जय सहकारी !!

# लघुवित्त उप–समितिको प्रतिवेदन



**प्रेम सापकोटा**
**संयोजक**

यस गरिमामय साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उप समितिहरु, प्रमुख कार्यकारी अधिकृतज्यू,शेयर सदस्यज्यूहरु, कर्मचारी एंव पत्रकार मित्रहरु

२२औ साधारण सभाले पारित गरेको "किसान लघुवित्त कार्यक्रम" सञ्चालनको लागि सञ्चालक समितिले हामीलाई लघुवित्त उप समितिमा चयन गरि जिम्मेवारी प्रदान गरेकोमा आभार व्यक्त गर्दछु । संस्थाले दिएको जिम्मेवारी प्रति पूर्ण सचेत रहदै संस्थाको निति नियम र विनियमको परिधी भित्र रहि २०७४ फागुन देखी २०७५ भाद्र मसान्त सम्म निम्न अनुसारको क्रियाकलाप तथा कार्यक्रमहरु सञ्चालन गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | पटक | सहभागि संख्या |
|---|---|---|---|
| १ | केन्द्र गठित उप समितिको वैठक | ९ | - |
| २ | लघुवित्त सम्बन्धित अभिमुखिकरण | १ | ३१ जना |
| ३ | लघुवित्त उप समिति र इन्चार्जहरुको संयुक्त वैठक | १ | १७ जना |
| ४ | केन्द्रमा गठित लघुवित्त उपसमिति र सेवाकेन्द्रहरुमा गठित लघुवित्त उपसमितिको संयुक्त वैठक हरेक सेवाकेन्द्रहरुमा १/१ वटा गरी | ११ | |
| ५ | लघुवित्त उपसमिति र समुह परिचालकहहरुको संयुक्त वैठक | १ | १५ जना |
| ६ | समुह परिचालकहरुको अभिमुखिकरण तालिम | १ | १५ |
| ७ | कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोस्ठी | २ | ४५ जना |
| ८ | लघुवित्त कार्यक्रम सम्बन्धि अन्तरक्रिया कार्यक्रम | ११ | ४५७ जना |
| ९ | समुह व्यावस्थापन उपसमितिको अभिमुखिकरण तालिम(१०१ समुह | १३ | ४६५ |

## समुह गठन तथा ऋण लगानी असुली विवरण

| केन्द्र/सेवाकेन्द्र | समुह संख्या | कुल ऋणी संख्या | कुल लगानी | कुल असुली | बांकी ऋण |
|---|---|---|---|---|---|
| केन्द्र | २५ | १८५ | १७७००००० | १८९७५८८ | १५८०२४१२ |
| हिमचुली | २० | १३८ | १३५६०००० | ८६७०९९ | १२६८३९०१ |
| मुकुन्दपुर | २३ | १३० | ११९१५००० | ५४३७९९ | ११३७१२०१ |
| अमरापुरी | १८ | ५१ | ४७७०००० | ४५१५४५ | ४३१८४५५ |
| जनमुखी | २५ | ११३ | १०४२५००० | ७७९०६० | ९६४५९४० |
| पञ्चदृष्टि | २५ | १५० | १४४४६००० | ८७२०५४ | १३५८७९४६ |
| कावासोती | १९ | १०१ | ९८५५००० | ८५९४२१ | ८९९५५७९ |
| संवृद्धि | ९ | ३६ | ३२२०००० | ५६०००० | २८२५३५१ |
| कुनाको | २२ | ९४ | ८७८०००० | ७८२६६१ | ७९९७३३९ |
| पञ्चवटी | ४९ | २८२ | २५७४०००० | २९९५९२१ | २२७४४०७९ |
| आरुङ्गखोला | ५९ | २७३ | २४८०८००० | ११५६९२४ | २३६५१०७६ |
| दुम्कीवास | २५ | ११५ | १११६५००० | ७८६१८७ | १०३७८८१३ |
| जम्मा | ३१९ | १६६८ | १५६३८४००० | १२५५२२५९ | १४४००२०९२ |

**सभाध्यक्ष महोदय**

छोटो समयमा यस कार्यक्रमले करिव सात हजार पाँच सय जना सदस्यहरु लाई समेटेर बचत संकलन तथा ऋण लगानी गरेको छ । लगानी गर्दा समुहको सिफारिसमा आय वृद्धिका लागि जोड दिएको छ । समुह संरचनामा कार्यक्रम सञ्चालन गर्दा सदस्यहरुले आफै वढि संख्या प्रतिको अपनत्व लिएको महसुस भएको छ । आगामी दिनहरुमा संस्थाको निति र नियम भित्र रहि पकेट क्षेत्र निर्धारण गरि लगानी गर्ने व्यावसायिक सिपमुलक तालिमहरु प्रदान गर्ने तथा संस्थाको व्यावसायिक योजनाले निर्दिष्ट गरिएको लक्ष्य अनुसार कार्यक्रमहरु सञ्चालन गरिने कुरा निवेदन गर्न चाहन्छु ।

यस अवधि कार्यक्रमलाई मार्ग दर्शन गर्ने सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, प्रमुख कार्यकारी अधिकृत, उप समितिहरु, कार्यान्वयन गर्ने लघुवित्त प्रमुख एंव कर्मचारीहरु तथा सम्वन्ध सवै प्रति धन्यवाद तथा आभार प्रकट गर्दछु । कार्यक्रमको निरन्त्रता र गुणस्तरितामा निरन्तर सहयोग, सक्रिय सहभागिता एंव रचनात्मक सुझावको अपेक्षा गर्दै यो प्रतिवेदन अन्त्य गर्न चाहन्छु ।

जय किसान ।

जय सहकारी ।

# महिला जागरण उपसमितिको प्रतिवेदन



**सरस्वती कँडेल**
**प्रस्तुतकर्ता**

यस गरिमामय २३ औ साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, मञ्चमा आसिन विभिन्न संघ संस्थावाट पाल्नुहुने अतिथिज्यूहरु, पत्रकारज्यूहरु, सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उप समितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका प्रमुख कार्यकारी अधिकृत एवं कर्मचारीज्यूहरु, संस्थाका धरोहर मेरुदण्डका रुपमा रहनुहुने सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा  यस किसान साकोसका तर्फवाट एवं महिला जागरण उप समितिको तर्फवाट हार्दिक स्वागत एव्म सहकारी अभिवादन ।

एकको लागि सवै र सवैको लागि एक भन्ने मुल मन्त्रवाट अभिप्रेरित भई २०५२ सालमा स्थापित भई यस साकोसले विभिनन आरोह अवरोह एंव  चुनैतिहरुलाई पार गरि सवै पक्षको सामुहिक मेहनत, लगनशिलता र योग्दानको कारण आज हामी राष्ट्रिय तथा  अन्तराष्ट्रिय स्तरमा परिचित हुन सफल भएका छौ । नेपाल अधिराज्य भरका सहकारी मध्य नेपालकै सर्बोत्कृष्ट सहकारी एवं सहकारी एकिकरण अभियानमा पनि प्रथम हुन सफल भएका छौ ।

आदरणीय  शेयर सदस्यज्यूहरु हामी महिलाहरु करिव ५१% भएको देशमा महिलाहरुको आर्थिक, सामाजिक, सास्कृतिक क्षेत्रमा सवल र सक्षम गराई महिलाहरुको आत्म विश्वास र श-शक्तिकरणमा वृद्धि गराई समाजको एक महत्वपूर्ण शक्तिको रुपमा स्थापित गराउने उद्देश्यले यस संस्थाले महिलाहरुलाई लक्षित गरी समय अनुसार विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ । सुत्केरी भेटघाट कार्यक्रम, महिला नेतृत्व विकाश कार्यक्रम, स्वास्थय शिविरहरु, विभिन्न किसिमका तालिमहरु, तिज विशेष कार्यक्रमहरुलाई निरन्तरता दिदै यस वर्ष गरेका कार्यक्रमहरु यस प्रकार छन् ।

१) २०७५/०१/३१ देखी २०७५/०२/०४ सम्म ५ दिने कृष्टलका गहना बनाउने तालिम केन्द, हमचुली सेवाकेन्द्र, मुकुन्दपुर सेवाकेन्द्र, अमरापुरी सेवाकेन्द्र र जनमुखी सेवाकेन्द्र का महिला शेयर सदस्य ३८ जनालाई तालिम प्रदान गरिएको थियो ।

२) महिलाहरुलाई केन्द्र विन्दु मानी महिलाहरुको महान चाड हरितालिका तिजको अवसरमा २०७५/०५/२३ मा पञ्चदृष्टि सेवाकेन्द्रमा तिज बिशेष कार्यक्रम सम्पन्न गरियो ।

आगामी वर्षमा अझ वढ विभिन्न किसिमका सिपमुलक तालिम एंव महिलाहरु लाई आय आर्जनमा टेवा पुग्ने र उद्यमी हुने किसिमका कार्यक्रमहरु संचालन गर्ने लक्ष्य लिई अगाडी बड्ने छु भन्दै विदा हुन चाहन्छु ।

जय किसान ! जय सहकारी !!

# जेष्ठ नागरिक उपसमितिको प्रतिवेदन



**भूमिश्वर शर्मा**
**प्रस्तुतकर्ता**

यस गरिमामय २३ औ साधारणसभाका सभाअध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, यस सभामा पाल्नुहुने विभिन्न सघं संस्थाका प्रतिनिधिज्यूहरु, विभिन्न सञ्चारगृहबाट उपस्थित पत्रकारज्यूहरु, संस्थाका मेरुदण्डका रुपमा रहेका सम्पूर्ण शेयर सदस्यहरु, कर्मचारी मित्रहरु एवम् शुभचिन्तक महानुभावहरुमा हार्दिक अविवादन ।

किसान बचत तथा ऋण सहकारी संस्थाले अन्य सवै समुह जस्तै जेष्ठ नागरिक समुहलाई संस्थाको अभिन्न अंगको रुपमा समेटेर आफ्ना कार्यक्रमहरु अगाडी बढाई रहेको विषय सवैमा अवगतै छ । जेष्ठ नागरिक शेयर सदस्यहरुको समस्याको सम्बोधन समयमा गर्न र उनिहरुको सहयोग र सेवामा कमि नहोर भनेर संस्थाले जेष्ठ नागरिक उप समिति गठन गरेको छ । मासिक त्रैमासिक रुपमा उप समितिको वैठक नभएता पनि आवश्यकता अनुसार वैठक हुने गरेको छ ।संस्थाको आर्थिक क्षमता अनुसारको बजेट जेष्ठ नागरिको सेवाको लागि नियमित रुपमा विनियोजन गरिएको व्यहोरा सवैमा जानकारीको लागि अनुरोध छ ।

जेष्ठ नागरिक शेयर सदस्यज्यहरुले आ.व. २०७४/७५ मा निम्न उल्लेख भए अनुसारका कार्यक्रमहरु सम्पन्न गरेको छ ।

१) संस्थाको २२औ साधारण सभामा जेष्ठ नागरिक शेयर सदस्यहरुलाई सम्मान सोरुप लठ्ठी र छाता वितरण

२) एतिहासिक गोरखा दरवार र गोर्खाकालि मन्दिरको सवै सेवाकेन्द्रहरुका जेष्ठ नागरिक शेयर सदस्यको सहभागिता हुने गरि अवलोकन भम्रण (तिर्थाटन) कार्यक्रम गरिएको

३) संस्थामा ५८ वर्ष उमेर माथिका शेयर सदस्यहरुलाई जेष्ठ नागरिक खाता खोल्न उत्प्रेरण गरिएको ।

अन्तमा यस किसान वचत तथा ऋण सहकारी संस्थाका शेयर सदस्यहरु, संघ संस्थाहरु, सहकारीकर्मीहरु, शुभेच्छुक तथा शुभचिन्तकहरुको निरन्तर सहयोग र सद्भावका लागी यस दुम्किबास सेवाकेन्द्रको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । साथै सम्पूर्ण संचालक समिति, लेखा समिति, सल्लाहकार समिति, उप-समिति सदस्यहरु एवं कर्मचारीहरुको सहयोगका लागी विशेष धन्यवाद व्यक्त गर्दछु ।

जय किसान !

जय सहकारी !

# हिमुचली सेवाकेन्द्र व्यवस्थापन उपसमितिको प्रतिवेदन



**इन्दिरा पाण्डे**
**संयोजक**

आदरणिय यस किसान वचत तथा ऋण सहकारी संस्थालि.का अध्यक्ष एवम् २३ औं साधारण सभाका सभापतिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति एवम् लेखा समितिका सहकर्मी साथीहरु, सल्लाहकारज्यूहरु, उप समितिएवम् सदस्यज्यूहरु यस संस्थामा कार्यरत कर्मचारीहरु, सम्पूर्ण शेयर सदस्यज्यूहरु र अन्य यस संस्थाप्रति प्रेम र सद्भाव राख्ने उपस्थित महानुभावहरुमा हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

यस संस्थाले समुदायमा छरिएर रहेका सानो सानो पुँजीलाई एकिकृत गरि त्यसैको परिचालनबाट संस्थामाआवद्ध शेयर सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर सुधार गरि आत्मनिर्भर बनाउने अभिप्रायले २०५२ असार १५ गते २५ जना शेयर सदस्यको सक्रियतामा आफ्नो यात्रा शुरु गरेको यस संस्था आज ३५००० शेयर सदस्यलाई समावेश गरेर सेवा दिँदै आइरहेको छ । आफ्नो शेयर सदस्यलाई सजिलो र सहजहोस् भन्न् ठानेर आज यस किसान बचत तथा ऋण सहकारी संस्थाले १३ स्थानबाट सेवा दिँदै आइरहेको छ । "गुणात्मक सेवा" को अभिप्रायले १५ ओटा सहकारीलाई एकिकरण गरि नेपालकै एक मात्र नमुना संस्थाको रुपमा उभिन सफल भएको छ ।

यस किसान वचत तथा ऋण सहकारी संस्था लि. मा एक केन्द्र तथा बाह्र सेवा केन्द्रबाट सेवादिँदै आइरहेको छ । जसमा गैंडाकोट २ मा अवस्थित हिमचुली सेवा केन्द्र यस किसान साकोस को मुटुको रुपमा रहेको छ । २०६८ पौष २८ गते अन्नपूर्ण साकोस सँग एकिकरण गरि २०६८ माघ २८ गतेबाट आफ्नो कारोवार शुरु गरेको यस सेवा केन्द्रले कारोवारलाई बलियो र सफलबनाउने उद्देश्यले २०७३ कार्तिक १९ गते हिमचुली वचत तथा ऋण सहकारी संस्था लि. लाई एकिकरणगरि एकिकृत सेवा शुभारम्भ गरेको छ । २०७३ पौष १५ गते यस किसान वचत तथा ऋण सहकारी संस्था लि.को २१ औं बार्षिक साधारण सभाबाट यो सेवा केन्द्र २०७२/०७३ को उत्कृष्ट सेवा केन्द्रको रुपमा स्थापित हुन सफल भएको छ । स्थापना समय देखि नै यस संस्थाले घरदैलो बचत कार्यक्रम, सुत्केरी भेटघाट कार्यक्रम, उत्कृष्ट वित्तिय कारोबार गर्नेलाई सम्मान, वृद्ध वृद्धा सम्मान लगायतका कार्यक्रमहरु निरन्तर रुपमा गर्दै आएको छ ।

यस संस्थाले गत वर्षदेखी सञ्चानमा ल्याएको किसान लघुवित्त कार्यक्रम अन्तर्गत उक्त कायक्रम यस सेवा केन्द्रले निरन्तरता दिएको छ र हाल सम्म २० वटा महिला समुह गठन गरी ४२० सदस्यहरुलाई आवद्ध रहेको जानकारी गराउदछु ।


शेयर सदस्यलाइ गुणस्तर सेवा दिँदै आइरहेको यस सेवा केन्द्रमा ३३४८ जना शेयर सदस्य २७० जना बाल सदस्य गरि जम्मा ३६१८ सदस्यले सेवा सुविधा लिंदै आइरहनु भएको छ, जसमा यस सेवा केन्द्रको कुल पुँजी ७ करोड ६९ लाख रहेको छ । जसमा शेयर पुँजी १ करोड ४१ लाख पुगेको छ भने निक्षेप वचत ७ करोड ४१ लाख रहेको छ र यस सेवा केन्द्रबाट लगानीमा रहेको ऋण ६ करोड ८० लाख रहेको छ ।

आगामी २०७५।०७६ को आर्थिक वर्षमा यस सेवा केन्द्रले किसान साकोसको वार्षिक लक्ष्यमा पुग्न सघाउने गरि सदस्यहरुबाट प्राप्त सुझावहरु सहितका सहज र सुलभ सेवा सुविधाहरु थप विस्तार गर्दै लैजाने लक्ष्य लिएको छ।

यस किसान वचत तथा ऋण सहकारी संस्था लि.का शेयर सदस्यहरु र सघं सस्थाहरुको निरन्तर सहयोग र सद्भावका लागि यस हिमचुली सेवाकेन्द्रको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु। चौथो पटकसम्म एक्सेस ब्राण्ड प्राप्त गर्न संस्थालाई सक्षम गराउने कार्यकारी अधिकृत, प्रत्येक सेवाकेन्द्रका सेवाकेन्द्र प्रमुख लगायत समपूर्ण कर्मचारीहरुको लगनशिलता, इमान्दारिता, पेशागत व्यवसायिक दक्षता र दिनरात नभनि गरेको मेहनेतको उच्च कदर गर्दै यस हिमचुली सेवाकेन्द्रको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै सम्पूर्ण सञ्चालक, उप-समितीका पदाधिकारी, ऋण उप-समितीका पदाधिकारी सबैमा सहयोग र सद्भावकालागि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

जय किसान। जय सहकारी।

# मुकुन्दपुर सेवाकेन्द्र व्यवस्थापन उपसमितिको प्रतिवेदन



**प्रेमप्रसाद सापकोटा**
**संयोजक**

यस किसान साकोसको २३ औं बार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्युहरु एवं अतिथीज्युहरु सञ्चालक समिति, लेखा समिति, सल्लाकार, विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरु,कर्मचारी मित्रहरु, एवम, पत्रकार साथिहरु तथा किसान साकोसलाई माया गर्ने शुभचिन्तकहरुमा मेरो व्यक्तिगत एवं मुकुन्दपुर सेवाकेन्द्र व्यवस्थापन उप-समितिको तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

सहकारी समुहका व्यत्तिहरु मिलेर सामुहिक हितको लागि स्थापित संस्था हो ।यो यस्तो स्वायक्त संगठन हो, जो स्वच्छिक रुपमा एकजुट भई आफ्ना समान आर्थिक सामाजिक तथा साँस्कृतिक आवश्यकता र आकाँक्षहरुको परिपुर्ति संयुत्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत गर्दछ । किसान बचत तथा ऋण सहकारी सस्थाले आफ्नो सेवा क्षेत्र विस्तार गर्ने कममा दोस्रो सेवाकेन्द्रको रुपमा बि.स. २०६८ साल वैशाख २१ गते मुकुन्दपुर सेवाकेन्द्रको स्थापना गरी यस क्षेत्रका शेयर सदस्यहरुलाई विभिन्न किसिमका सेवाहरु प्रदान गर्दै आएको छ । हाल सम्म यस सेवाकेन्द्रमा ३०२६ शेयर सदस्यहरु हुनुहुन्छ भने शेयर पुँजि रु ९४,१२,१०० रहेको छ। शेयर सदस्यहरुलाई विभिन्न शिर्षकमा रु ९,६३,६२,२८६ ऋण लगानीमा रहेको छ भने निक्षेप संकलन रु ६,९७,५९,९६४ रहेको छ । बाल बचतकर्ताहरुको संख्या ३१२ जना रहेका छन् भने दैनिक बचतकर्ताको संख्या २८० जना रहेका छन् । यस सेवाकेन्द्रले समय समयमा विभिन्न किसिमका शिक्षा, स्वास्थ्य र सिपमुलक तालिम संचालन गर्नुको साथै स्वदेशि तथा विदेशी विप्रेषण सेवा संचालन गर्दै आएको छ । सेवाकेन्द्रबाट सरल सहज ढंगबाट रु ७५,००,००० लाख सम्म ऋण लगानी गर्नुका साथै असुली प्रकृया पनि निकै प्रभाकारी देखिएको छ । मुकुन्दपुर सेवा केन्द्रलाई प्रभाबकारी रुपले संचालन गर्नको लागि विभिन्न तहमा रहि कार्य गर्ने सेवाकेन्द्र उप समितीका साथिहरु र कर्मचारीहरु लाई विशेष धन्यवाद व्यक्त गर्दै बिदा हुन चाहान्छु, धन्यवाद ।

जय सहकारी ॥ जय किसान

# अमरापुरी सेवाकेन्द्र व्यवस्थापन उपसमितिको प्रतिवेदन



**हरिभक्त कंडेल**
**संयोजक**

यस किसान बचत तथा ऋण सहकारी संस्था लि. को गरिमामय २३ औं साधारण सभाका सभानायकज्यू, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, विभिन्न क्षेत्र र संघ संस्थाबाट पाल्नुभएका अतिथिज्यूहरु, सल्लाहकार अतिथिज्यूहरु, संचालक समितिका पदाधिकारी अतिथिज्यूहरु, लेखा समिति, सेवाकेन्द्र स्तरीय उपसमिति, संस्थाका धरोहर शेयर सदस्यज्यूहरु, पत्रकारज्यूहरु र यस संस्थामा कार्यरत कर्मचारी मित्रहरुमा यस किसान बचत तथा ऋण सहकारी संस्था लि. साथै अमरापुरी सेवा केन्द्र व्यवस्थापन उपसमितिको तर्फ बाट हार्दिक स्वागत एंव सहकारी अभिवादन टक्रायाउँछु ।

यस संस्थाले समुदायमा छरिएर रहेका सानो सानो पुंजीलाई एकिकृत गरि त्यसैको परिचालन बाट संस्थामा आवद्ध शेयर सदस्यहरुको आर्थिक तथा सामाजीक स्तर सुधार गरि आत्मनिर्भर बनाउने अभिप्रायले २०५२ साल असार १५ गते २५ जना शेयर सदस्यको सक्रियतामा आफ्नो यात्रा सुरु गरेको यस संस्था आज ३५००० शेयर सदस्य लाई समावेश गरेर सेवा दिदै आईरहेको छ । आफ्नो शेयर सदस्यलाई सजिलो र सहजहोस भन्ने ठानेर आज यस किसान बचत तथा ऋण सहकारी संस्था लि. ले १३ वटा सेवाकेन्द्र बाट सेवा दिदै आईरहेको छ । हाल सम्म १५ वटा सहकारी लाई एकिकरण गरि नेपाल कै एक मात्र नमुना संस्थाको रुपमा उभिन सफल भएको छ । यहाँ सम्म आईपुग्दा राष्ट्रिय सम्मान र पुरस्कारका साथै अन्तर्राष्टिय स्तरको सम्मान र विभिन्न ब्रान्डहरु प्राप्त गरिसकेको छ ।

यस संस्थाले आफ्नो सेवा क्षेत्र विस्तार गर्ने क्रममा २०६८ श्रावण ७ गते अमरापुरी सेवाकेन्द्रको स्थापना गरी यस क्षेत्रका शेयर सदस्यहरु लाई विभिन्न किसिमका सेवाहरु प्रदान गर्दै आइरहेको छ । यस किसान साकोसका आदरणीय शेयर सदस्यज्यूहरु अमरापुरी सेवाकेन्द्र व्यवस्थापन उप समितिले सहकारी ऐन, संस्थाको विनिमय तथा ऋण नीतिको परिधिमा रहेर सुझाव पुस्तिकाका साथै शेयर सदस्यको प्रत्यक्ष भेटघाट कार्यक्रम बाट सल्लाह र सुझाव लिई संस्थामा परेका ऋण निवेदन उपर समिति बीच गहन अध्ययन र छलफल गरी लगानी गर्ने गरिएको छ । देशका युवाशक्ति लाई उद्यमशिलता तर्फ उन्मुख गरि विदेश पलायन हुन बाट रोक्न स्वरोजगार ऋणको व्यवस्था गरिएको छ । सेवाकेन्द्रका शेयर सदस्यलाई आपतकालिन अवस्था आइपरेको बेला आकस्मिक ऋणको व्यवस्था पनि गरिएको छ । नियमित बचत गर्दै संस्थाबाट लिइएको ऋण सहि ठाँउमा सदुपयोग गर्ने बानी बसाई सदस्यको आर्थिक र सामाजीक रुपमा सवल बनाउदै लैजाने अभिप्रायले सदस्यको घर आँगनमा पुगी लगानी गरिएको परियोजना अनुगमन गर्ने, नियमित बचतकर्ता मध्य प्रत्येक महिना १/१ जनालाई सम्मान कार्यक्रम साथै ३६५ दिन वित्तिय कारोवार, घरदैलो बचत कार्यक्रम, सुत्केरी भेटघाट कार्यक्रम, बृद्ध बृद्धा सम्मान लगायतका कार्यक्रमहरु निरन्तर रुपमा गर्दै आइरहेको छ । र यस सेवाकेन्द्रका शेयर सदस्य लाई सुविधा प्रधान गर्न हामिले मोबाईल बैंकिङ्ग सेवा पनि संचालन गरिदै आइरेको छ । साथै आउदा दिनमा सदस्यको क्षमता अभिवृद्धि तालीम साथै रोजगार सिर्जना

गर्ने खालका कार्यक्रम लागु गर्ने प्रतिवद्धता गर्दछु ।

हाम्रो यो किसान साकोसले २०७४ साल देखी समय सान्दार्भिकता लाई ध्यानमा राखी विशेष गरी महिला लक्षित समाजमा रहेको आत्म सम्मानजनक आर्थिक उन्नती को कारण ग्रमिण घरेलु स्वरोजगार बाट महिला समुदायमा आर्थिक जागरण ल्याउने मूल लक्ष लिई किसान लघुवित्त कार्यक्रम अर्न्तरगत यस अमरापुरी सेवाकेन्द्र गैंडाकोट-१५ बाट हाल सम्म १८ महिला समुह गठन गरि समुहमा २३८ जना सदस्यहरु आवद्ध गरिसकेको छ । समुह अर्न्तरगत ४१ जना सदस्यहरुलाई लगानी भईसकेको छ र लघुवित्त तर्फको लगानी रकम ४४ लाख ९० हजार रहेको जानकारी गराउदछु ।

यस अमरापुरी सेवाकेन्द्रमा शुभारम्भ देखी हाल सम्म आर्थिक कारोबारको हिसाबले २०७५ भाद्र मसान्त सम्मको यस सेवाकेन्दको कुल पुँजी रु.७,२५,१९,६३९/- रहेको छ । जसमा शेयर रकम रु. ९०,१०,४००/- पुगेको छ भने निक्षेप बचत रु. ४,०५,३१,२२२/- रहेको छ र यस सेवाकेन्द्र बाट लगानीमा रहेको ऋण ६,४६,५८,२७४/- रहेको छ ।

आगामि २०७५/०७६ को आर्थिक बर्षमा यस अमरापुरी सेवाकेन्द्रले किसान साकोसको वार्षिक लक्ष्यमा पुग्न सघाउने गरि शेयर सदस्यहरु बाट प्राप्त सुझावहरु सहितका सहज र सुलभ सेवा सुविधाहरु थप विस्तार गर्दै लैजाने लक्ष्य लिएको छ ।

यस किसान बचत तथा ऋण सहकारी संस्था लि.का शेयर सदस्यहरु र संघ सस्थाहरुको निरन्तर सहयोग र सद्भावका लागी यस अमरापुरी सेवाकेन्द्रको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । चौथो पटक सम्म एक्कसेस ब्राण्ड प्राप्त गर्न संस्थालाई सक्षम गराउने प्रमुख कार्यकारी अधिकृत, सम्पुर्ण सेवाकेन्द्र प्रमुख लगायत सम्पुर्ण कर्मचारीहरुको लगनशिलता, इमान्दारीत, पेशागत व्यवसायिक दक्षता र दिनरात नभनि गरेको मिहिनेतको उच्च मुल्याङ्कन गर्दै यस अमरापुरी सेवाकेन्द्रको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै सम्पुर्ण संचालक उप-समितिका पदाधिकारी, ऋण उप-समितिका पदाधिकारी सबैमा सहयोग र सद्भावका लागी हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

जय किसान ।

जय सहकारी ॥

# जनमुखि सेवाकेन्द्र व्यवस्थापन उपसमितीको प्रतिवेदन



**भेषराज पौडेल**
**प्रस्तुतकर्ता**

यस २३ औं साधारण सभाका आदारणिय सभापति महोदय प्रमुख अतिथी विशिष्ट अतिथी एवं मञ्चमा आसिन अतिथी ज्यूहरु सञ्चालक समितीहरु लेखा समितीहरु सेवाकेन्द्र व्यवस्थापन समितीहरु शेयर सदस्यहरु कर्मचारीहरु पत्रकार एवम शुभचिन्तकहरु । यस किसान वचत तथा ऋण सहकारी संस्था लि. (जनमुखि सेवाकेन्द्र) रजहर को व्यवस्थापन उपसमितीको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन।

